# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

आमाको गर्भबाट सुरु हुने मानव जीवन जन्मपूर्वको अवस्था र जन्मपश्चात्को अवस्था गरी २ भागमा वर्गीकृत छ । जन्मपूर्वका विकासात्मक अवस्था डिम्बावस्था, भ्रुणावस्था, फेटस अवस्था गरी ३ चरणमा विभक्त छन् भने जन्मपश्चात्को अवस्था नवजात, शैशवस्था, प्रारम्भिक बाल्यावस्था, उत्तरबाल्यावस्था, यौवनावस्था, किशोरावस्था, वयस्क अवस्था र बृद्धावस्थामा वर्गीकृत छ । मानव विकास शारीरिक, मानसिक, क्रियात्मक, संवेगात्मक, सामाजिक र नैतिक आदि  पक्षहरूमा आउने प्रगतिमूलक परिवर्तन हो । त्यसैले विकास गुणात्मक परिवर्तनसँगै सम्बन्धित छ । प्रारम्भिक बाल्यावस्थाको विकास भन्नाले ३ देखि ६ वर्षसम्म अवधिको विकासलाई जनाउँछ । यस उमेरका बालबालिकाहरू विशेष गरेर खेलौनासँग रमाउने, जिज्ञासु, चन्चल र अरुको नक्कल गर्ने स्वभावका हुन्छन् । साथै यस अवस्थाको अन्त्यतिर साथी समूह बनाउने र विद्यालय जाने हुँदा पूर्व समूहको उमेर र पूर्व विद्यालयको उमेर भनेर पनि चिनिन्छ । त्यसकारण यस अवस्थाका बालबलिकाहरूलाई अभिभावक, शिक्षक सबैले आवश्यक सहयोग गरी, शारीरिक, सामाजिक, मानसिक, संवेगात्मक क्षमताको विकास गराउनु प्रारम्भिक बालविकासको प्रमुख उद्देश्य हो ।

तीनदेखि पाँच वर्षसम्मका बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप पूर्व प्राथमिक शिक्षा हो । यसलाई हाल नर्सरी शिक्षा, शिशु शिक्षा, के.जी. शिक्षा वा बालविकास कार्यक्रमका नामले चिनिन्छ । यस तहमा दिइने शिक्षाको उद्देश्य, विधि, सामग्री, मूल्याङ्कन प्रविधि, मानवीय सम्बन्ध, मनोवैज्ञानिक स्तर, शैक्षिक अनुभव, सिकाइ वातावरण, बाल सिकाइका ढाँचाहरू र सारमा समस्त शैक्षिक प्रक्रियाहरूलाई समेटेको एक लिखित दस्तावेजलाई पाठ्यक्रमको रूपमा लिइन्छ । कुनै पनि कार्य सफल पार्न वा उद्देश्य प्राप्त गर्ने योजना बनाई कार्यान्वयन गरिनु पर्छ । योजनामा नै कार्यको सफलता वा असफलता निहित हुन्छ । पाठ्यक्रम सम्पूर्ण शैक्षिक क्रियाकलापको योजना हो । यसले एउटा निश्चित अवधिभित्र सिकारुहरूमा विकसित हुनुपर्ने आवश्यक ज्ञान, सीप तथा प्रकृति विश्लेषण गरी ती कुराहरू कसरी र कुन रूपमा उनीहरू समक्ष पुऱ्याउने भन्ने कुरा प्रस्तुत गरेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप पश्चात बालबालिकाहरूमा अपेक्षित ज्ञान, सीप र धारणा विकास भए नभएको मूल्याङ्कन प्रविधि समेत पाठ्यक्रममा उल्लेख गरिएको हुन्छ । पाठ्यक्रम सिकारु, समाज र राष्ट्रको आवश्यकता, चाहना र राष्ट्रिय नीतिलाई समेत ध्यान दिएर तयार पारिन्छ ।

'पाठ्यक्रम एउटा यस्तो कार्यक्रम हो, जसमा विद्यार्थीले विद्यालयभित्र तथा बाहिर हासिल गर्ने सम्पूर्ण सिकाइ अनुभवहरू समावेश भएका हुन्छन्, जुन विद्यार्थीको बौद्धिक, शारीरिक, संवेगात्मक, सामाजिक, आध्यात्मिक र नैतिक विकास गर्न आवश्यक हुन्छ ' -को एण्ड को) ।

शैक्षिक लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्नका लागि शैक्षिक संस्थाभित्र तथा बाहिर गरिने प्रयास तथा अनुभवको श्रृङ्खला पाठ्यक्रम हुने हुँदा पूर्वप्राथमिक तहका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ जसले शैक्षिक पक्षहरू योजनाबद्धरूपमा संचालन हुन सकोस् ।

प्रारम्भिक बालशिक्षा बालकको वृद्धि, विकास र सिकाइको लागि ज्यादै महत्वपूर्ण शैक्षिक कार्यक्रम हो । प्रारम्भिक बालअवस्थाका बालकको लागि उपलब्ध गराइने शिक्षा नै प्रारम्भिक बाल शिक्षा हो । बालबालिकाहरू औपचारिक शिक्षामा प्रवेश गर्न अगावै ३ देखि ५ वर्षको उमेरभित्र प्राप्त गर्ने शिक्षालाई नै प्रारम्भिक बाल शिक्षा भनिन्छ । यस उमेरका बालबालिकाहरू विशेष गरेर संवेदनशील, जिज्ञासु र अरुको नक्कल गर्ने स्वभावका हुन्छन् । यस अवस्थाको अन्त्यतिर साथी समूह बनाउने र विद्यालय जाने हुनाले पूर्व बालसमूहको उमेर र पूर्व विद्यालयको उमेर हो भनी मनोवैज्ञानिकहरूले भन्ने गर्दछन् । यस अवस्थामा भएको विकासले पछिको विकासमा प्रभाव पुऱ्याउने हुनाले बाल शिक्षाको शिक्षक, अभिभावक र अन्य सरोकारबालाको लागि विशेष महत्व छ (उ.रा.शि.आ. प्रतिवेदन, २०५५, पृ. १२) ।

वि.स २०५६ सालमा शिक्षा विभागको स्थापना भई प्रारम्भिक बालविकास शाखको स्थापनपछि प्रारम्भिक बाल शिक्षाको सञ्चालन केही व्यवस्थित भएको पाउन सकिन्छ । वि.स २०५८ सालमा निर्माण गरिएको प्रारम्भिक बालविकास पाठ्यक्रमलाई परिमार्जन गर्दै हाल पनि उक्त पाठ्यक्रम कार्यान्वयन भएको छ । प्रारम्भिक बालविकास शाखाले प्रकाशन गरेको प्रारम्भिक बाल विकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ ले बालकको ३ देखि ८ वर्षसम्ममा दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा मानेको छ । नेपालको सन्दर्भमा ३ देखि ५ वर्ष उमेर सम्मका बालबालिकाहरूका लागि दिइने शैक्षिक कार्यक्रमलाई प्रारम्भिक बालशिक्षा मानिएको छ । प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) वि.सं. २०६२ मा  प्रारम्भिक बालबिकास पाठ्यक्रमको लक्ष्य, मूल उद्देश्य, विशेषता, वातावरण, विषयवस्तु, शैक्षिक सामग्री, क्रियाकलाप, अभिभावकको संलग्नता, मूल्याङ्कन प्रविधि जस्ता पक्षलाई उल्लेख गरेको छ । यस पाठ्यकममा बालबालिकाका लागि चाहिने वातावरण र विकासात्मक पक्षको विकास कसरी गराउने पनि उल्लेख गरिएको छ । बाल विकास पाठ्यक्रमले खेल र वातावरणबाट प्राप्त अनुभवको माध्यमबाट बालबालिकामा अन्तरनिहित क्षमताको अभिवृद्धि गराइ उनीहरुलाई भविष्यमा असल जीवनयापन गर्न सक्षम तुल्याउनु पर्छ । प्रारम्भिक बालविकास पाठ्यक्रमले बालबालिकालाई सकारात्मक दृष्टि राख्ने, सहयोगी, स्वालम्बी, इमान्दार, नैतिक, सामाजिक विकासमा टेवा पुऱ्याउने, सृजनात्मक प्रतिभा प्रस्फुटन गर्न सक्ने, दैनिक क्रियाकलाप सञ्चालन गर्ने र प्राथमिक तहको तयारी गर्ने जस्ता शैक्षिक लक्ष्य राखेको पाइन्छ । शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक, मानसिक विकाश गराउन बालबालिकालाई विभिन्न कयाकलापमा समावेश गराएर स्थानिय स्तरमा उपलब्ध, सामग्रीको प्रयोगमा पाठ्यक्रमले जोड दिएको छ । नेपाली, गणित, वातावरण, विज्ञान, सामाजिक जस्ता विषयमा आधारभूत ज्ञान दिनु पर्ने पाठ्यक्रममा उल्लेख गरिएको छ । पाठ्यक्रममा निरन्तर मूल्याङ्कनलाई आधारमानि बालबालिकाको स्तर निर्धारण गरि मूल्याङ्कन गरिनु पर्ने व्यवस्था गरिएको छ ।

नेपालको शैक्षिक इतिहासमा पूर्व प्राथमिक शिक्षासम्बन्धी औपचारिक प्रयासको थालनी सरकारी स्तरबाट वि.सं. २००७ सालमा काठमाडौंमा एउटा मन्टेश्वरी स्कुलको स्थापनाबाट भएको पाइन्छ । यसका लागि आवश्यक तालिम लिन केही शिक्षकलाई भारत पठाइएको थियो भने वि.सं. २०१९ सालतिर केही शिक्षकहरूलाई तालिम लिन इजरायल समेत पठाइएको थियो तर वि.सं. २०२०

सालमा उक्त मन्टेश्वरी स्कुल तत्कालीन डेमोन्ट्रेसन (हाल ल्याब्रोटेरी) स्कुलमा गाभेपछि विद्यालय उमेर नपुगेका ससाना केटाकेटीहरूका लागि वि.सं. २०२१ मा शिशु कक्षाको व्यवस्था गर्न खोजिएको थियो । यसै सन्दर्भमा वि.सं. २०२२ सालदेखि बालमन्दिरहरूको स्थापना भई शिशु शिक्षासम्बन्धी कार्यक्रमहरू संचालन भएको पाइन्छ । शिक्षा मन्त्रालय अन्तर्गत २०२५ सालदेखि शिशु कक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गरी उक्त पाठ्यक्रमलाई पुनः २०२९ सालमा शिशुकक्षा व्यवस्था नियमावलीद्वारा व्यवस्थित गर्ने प्रयास भयो । तदानुसार समय समयमा पाठ्यक्रम, पाठ्यपुस्तक, निरीक्षण तथा विकास केन्द्रद्वारा तालिमहरू तथा सम्बन्धित शिक्षक र प्रधानाध्यापकहरूका नियमित गोष्ठीहरू आयोजना हुँदै आएका छन् (गन्तव्य २०५५,। पृ. ७८६) ।

नेपालको शैक्षिक इतिहासमा पूर्वप्राथमिक शिक्षाको विकास क्रम अझै पनि प्रारम्भिक अवस्थामा नै छ । शिक्षासम्बन्धी गठन भएका विभिन्न समिति, आयोग तथा योजनाहरूले पूर्व प्राथमिक शिक्षालाई परिभाषित गरी सञ्चालनको लागि सुझावहरू प्रस्तुत गरेका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले पहिलोपटक पूर्व प्राथमिक शिक्षाको आवश्यकतामा जोड दियो र २०२२ सालदेखि बालमन्दिरका माध्यमबाट सीमित मात्रामा शिशु शिक्षा कक्षा सञ्चालन गरी पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने कार्यको सुरुवात भयो । यस सन्दर्भमा शिक्षा ऐन २०२८ ले पूर्वप्राथमिक शिक्षाको औपचारिक परिभाषा दिन खोजेको पाइन्छ । उक्त ऐनले ३ वर्ष उमेर पूरा गरेका तर ५ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने शिक्षालाई पूर्वप्राथमिक शिक्षाको रूपमा परिभाषित गरेको छ । त्यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ ले ५ वर्ष पुगेका बालबालिकालाई चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्षे पूर्व प्राथमिक शिक्षालाई प्रोत्साहित गर्नुपर्ने कुरामा जोड दिएको देखिन्छ । त्यसैगरी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले औपचारिक विद्यालयको सुरुवात हुनु पूर्व १ वर्ष पूर्वप्राथमिक शिक्षाको व्यवस्था हुनुपर्ने र उक्त तहलाई शैक्षिक संरचनाभित्र समेटिनु पर्ने कुरामा जोड दिएको छ ।

उच्चस्तरीय कार्यसमिति २०५८ को प्रतिवेदनले शिशु विकास कार्यक्रम २ वर्षको हुनुपर्ने र यस्ता कार्यक्रमलाई सञ्चालन, रेखदेख र व्यवस्थापनको दायित्व गा.वि.स. वा नगरपालिकाको लिनुपर्ने एवं सरकारले एकमुष्ट अनुदान दिनुपर्ने र अधिराज्यभरी अनिवार्य रूपमा लागू हुनुपर्ने कुरा उल्लेख गरेको छ -उच्चस्तरीय कार्यसमिति रिपोर्ट, २०५८) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सालमा देशभरी नै नयाँ शिक्षा योजना लागू भएपछि पूर्व प्राथमिक शिक्षा निजी क्षेत्रमा संचालन गर्न सरकारी स्तरबाट नीति स्पष्ट भयो, जसपश्चात् लेब्रोरेटरी स्कुलको सिको गर्दै अरू विद्यालयले पनि पूर्व प्राथमिक कक्षाहरू संचालन गर्दै आएको देखिन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले प्रारम्भिक बालशिक्षाको व्यवस्थित विकासका लागि दिएको सुझाव अनुरूप प्रारम्भिक बालशिक्षा बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक सामाजिक, नैतिक विकास र १ कक्षाको पूर्व तयारीका कुरालाई ध्यानमा राख्न सक्ने हुनुपर्छ भन्ने उद्देश्य राखेको पाइन्छ । सहरी, ग्रामीण हरेक इलाकामा सरकारले निर्धारण गरेको सर्तमा रही तोकिएको निकायहरूबाट स्वीकृति लिई निजी क्षेत्रमा प्रारम्भिक बाल शिक्षालाई प्रोत्साहित गरिनु पर्ने कुरा उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ का अनुसार नेपालमा मूलत चार प्रकारका संस्थाबाट पूर्वप्राथमिक शिक्षा कार्यक्रम सञ्चालित छन् । नेपालमा संस्थागत विद्यालयवाट पूर्व प्राथमिक तहको रूपमा र सामुदायिक विद्यालयको प्रारम्भिक बाल विकास केन्द्रको नामले पूर्व प्राथमिक तहको शैक्षिक कार्यक्रम संचालन गरेको पाइन्छ ।

(क) सार्वजनिक विद्यालयहरूबाट सञ्चालित शिशु कक्षाहरू

(ख) निजी विद्यालयका रूपमा सञ्चालित नर्सरी, किन्डरगार्डेन कक्षाहरू

(ग) गैरसरकारी संस्थाहरूबाट सञ्चालित शिशु स्याहार वा प्रारम्भिक बालशिक्षा कार्यक्रम

(घ) विकास परियोजनाद्वारा सञ्चालित नर्सरी, किण्डरगार्डेन कक्षाहरू

विभिन्न सङ्संस्थाले पूर्वप्राथमिक विद्यालयका कक्षा संचालन गरे पनि नेपालका केही बालबालिकाहरूले मात्र प्रारम्भिक बाल शिक्षाको अवसर पाउन सकेका छन ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ र युनिसेफले गरेको अध्ययन अनुसार निजी स्तरमा सञ्चालित संस्थाद्वारा करिब ५० हजार र सरकारी तथा गैरसरकारी संस्थाद्वारा करिब ५० हजार बालबालिका मात्र प्रारम्भिक बाल शिक्षा पाउन सफल देखिन्छन्. । सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजनाले सन् २०१५ सम्ममा ७४ हजार प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य राखेको छ । यस्ता बालविकास केन्द्र स्थापनाको लक्ष्यहरूले नै विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यान्वयनका लागि आधार प्रदान गरे अनुरूप वि.सं.२०६६ सम्म समुदायमा आधारित तथा विद्यालयमा आधारित गरी देशभर २४,७७३ बालविकास केन्द्र संचालित छन् (शिक्षा मन्त्रालय, शिक्षा विभाग २०६६, पृ. ५) ।

नेपालको बालविकासका सन्दर्भमा स्थापित विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रको विवरण निम्नानुसार छ :

**तालिका नं. १.१**
**विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरूको प्रगति विवरण**

| क्र.सं. | आर्थिक वर्ष | लक्ष्य | प्रगति |
|---|---|---|---|
| 1 | 2061/2062 | - | 7023 |
| 2 | 2062/63 | 6000 | 6000 |
| 3 | 2063/64 | 3500 | 3500 |
| 4 | 2064/65 | 3500 | 3500 |
| 5 | 2065/66 | 4750 | 4750 |
| | जम्मा | 17750 | 24775 |
| 6 | 2066/67 | 2000 | |

स्रोत : आर्थिक सर्वेक्षण, २०६६/६७, पृ. १८१ ।

माथिको तालिकालाई विश्लेषण गर्दा लक्ष्य अनुसार प्रगति भएको देखिन्छ तर अधिकांश बालबालिकाले अझ प्रारम्भिक बालशिक्षा पाउन बाँकी रहेको पाईन्छ । नेपालमा पनि केही समय यता प्रारम्भिक बाल शिक्षाले विस्तारित रूप लिदै आएको छ । संस्थागत विद्यालयले पूर्व प्राथमिक तहलाई अनिवार्य बनाएपछि सामुदायिक विद्यायलमा पनि पूर्व प्राथमिक तहको आवश्यकता महसुस गर्दै सञ्चालन गरिरहेको छ । ग्रामीण क्षेत्रमा विभिन्न गैरसरकारी  सङ्घ संस्थाहरूको सहयोग बाल विकास केन्द्रहरूको स्थापनामा

तिव्रता आएको पाउन सकिन्छ । सहरीक्षेत्रमा शिक्षित महिलाहरू घर बाहिरको आर्थिक कार्यमा संलग्न रहन निजी स्तरमा किन्डर गार्डेन विद्यालयहरू सञ्चालन गरेका छन्, जसबाट पनि शिशुस्याहार केन्द्रको स्थापनामा थप टेवा पुगेको छ ।

प्रारम्भिक बालशिक्षाको विकासमा अन्तर्राष्ट्रिय प्रयासहरू पनि पूर्ववत् समयदेखि नै प्रचुर मात्रामा भएका तथ्यहरू भेटाउन सकिन्छ । अन्तर्राष्ट्रिय शिक्षाविद् जिन ज्याक रुसो, फ्रेडरिक फ्रोवेल, डा. मेरिया मन्टेश्वरी, पेस्तालोजी, पियाजे, जस्ता व्यक्तित्वहरूले प्रारम्भिक बालविकास तहमा धेरै योगदान दिएका छन् । सन् १९४५ मा संयुक्त राष्ट्र सङघको स्थापनापछि सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी घोषणा पत्रमा बालशिक्षालाई सुनिश्चित गरिएको थियो । बाल अधिकार घोषणा पत्रले अभिप्रेरित यूनिसेफ (UNICIF) ले बाल अधिकारको सुनिश्चितता गर्न सदस्य राष्ट्रसँग परामर्श गरी द्वन्द्व पीडित बालबालिकालाई सहयोग पुऱ्याउँदै आएको देखिन्छ । सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा ‘सबैका लागि शिक्षा‘ विश्व सम्मेलन (Educational for all world conference) ले पनि लैङ्गिक आधारमा विभेद नगरिकन छोरा र छोरीलाई समान शिक्षा दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ । सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सबैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्न नेपाल सरकारले ‘सबैका लागि शिक्षा‘ राष्ट्रिय कार्ययोजना सन २००१–२०१५ अनुसार ‘सबैका लागि शिक्षा‘ सन् २००४–२००९ मार्फत सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तार र सुधारमा जोड दिएको छ (शिक्षा विभाग, २०६१) ।

भविश्यका कर्णधारका रुपमा रहेका बालबालिकालाई शिक्षा दिनु संवेदनशिल कार्य हो । तसर्थ नेपाल सरकारद्वारा निर्माण गरिएको प्रारम्भिक बालविकास पाठ्यक्रमको सामुदायिक र संस्थागत विद्यालयमा कार्यान्वयनको अवस्था पत्ता लगाउने प्रयास यस अध्ययनमा गरिएको छ ।

## १.२ अध्ययन क्षेत्रको पृष्ठभूमि

काठमाडौँ जिल्लाको उत्तरपश्चिममा अवस्थित धापासी गा.वि.स. पूर्वमा काठमाडौँ महानगरपालिका वडा नं. ३, पश्चिममा गोंगबु गा.वि.स., उत्तरमा टोका सरस्वती गा.वि.स. र खड्का भद्रकाली गा.वि.स. तथा दक्षिणमा का.म.न.पा. ३ र गोंगबु गा.वि.स.को बीचमा चक्रपथसँगै जोडिएर रहेको छ । यस गा.वि.स.को कूल क्षेत्रफल करिब ६ वर्ग कि.मी. रहेको छ । राजधानीको मुटुबाट ४ कि.मी मा रहेको यस धापासी गा.वि.स.को (२०५८ सालको जनगणना अनुसार) कूल जनसङ्ख्या १२,४४८ रहेको छ जसमा महिला ५९९९ र पुरुष ६३४१ रहेका छन् । यसको कूल साक्षरता करिब ७५.५८ प्रतिशत रहेको यस धापासीको जनघनत्व करिब १९५० प्रति वर्ग कि.मी. रहेको छ । बढी मात्रामा ब्राह्मण, क्षेत्री तथा नेवारी समुदाय भएको यस धापासी गा.वि.स.मा अन्य जातजातिको पनि बसोबास रहेको छ । करिब ३४१० घरधुरी रहेको काठमाडौँ जिल्लाको हाल कायम निर्वाचन क्षेत्र नं. ५ र गा.वि.स.को मतदाता सङ्ख्या ४०७५ रहेको छ ।

यस धापासी गा.वि.स. अन्तर्गत रहेका सरकारी र संस्थागत विद्यालयलाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ ।

**१.३ समस्याको कथन**

अन्तरार्ष्ट्रिय स्तरमा प्रारम्भिक बाल विकासको इतिहास लामो भए पनि नेपालमा प्रारम्भिक बालविकासको इतिहास लामो छैन । वि.सं. २००७ सालमा काठमाडौँमा मन्टेश्वरीको स्थापनाबाट औपचारिक रूपमा नेपालमा प्रारम्भिक बालशिक्षाको सुरुआत भएको मानिन्छ । मण्टेश्वरीका स्थापनापछि शिक्षकलाई तालिम लिन भारत, इजरायल, पठाए पनि हालका समयमा विभिन्न सरकारी, गैर सरकारी सङ्घ संस्थाको माध्यमबाट नेपालमा नै तालिम दिने व्यवस्था गरिएको पाउन सकिन्छ । औपचारिक रूपमा विद्यालयमा प्रवेश गर्नुभन्दा पहिला तिनदेखि पाँच वर्षबीचमा दिइने शिक्षा नै प्रारम्भिक बालशिक्षा हो । बढी जिज्ञासु, संवेदनशील एवं विकासको सङ्घारमा रहेका यस तहका बालविकासलाई प्रारम्भिक बालशिक्षा दिनु अहिलेको परिप्रेक्ष्यमा अति आवश्यक छ ।

नेपालमा सरकारी, निजी, गैरसरकारी गरी विभिन्न निकायबाट प्रारम्भिक बाल विकास कार्यक्रम संचालन हुँदै आएका छन् । Educational for all राष्ट्रिय कार्य योजनाले सन् २०१५ सालमा ७४,००० प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना गर्ने लक्ष्य राखेका छ । नेपालमा हाल सरकारी विद्यालयमा र ग्रामीण क्षेत्रमा प्रारम्भिक बालविकास केन्द्र एवम् बजार इलाकामा निजी मन्टेश्वरीहरूको सङ्ख्यामा तीब्र वृद्धि भएको छ ।

वि.सं. २०५८ मा शिक्षा मन्त्रालय शिक्षा विभाग, प्रारम्भिक बाल विकास शाखाले पूर्व प्राथमिक तहको पाठ्यक्रम तयार गरी संचालन गर्दै आएको छ । पूर्व प्राथमिक तहको उद्देश्य, लक्ष्य के राख्ने, विषयवस्तु के, के समेट्ने, शैक्षिक सामाग्री कस्तो प्रयोग गर्ने, शारीरिक, मानसिक, संवेगात्मक सामाजिक र नैतिक कियाकलाप कसरी सञ्चालन गर्ने, मूल्याङ्कन प्रविधि कस्तो अपनाउने उक्त पाठ्यक्रममा तोकिएको छ ।

सरकारी र निजी स्तरमा सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रममा पाठ्यक्रम कार्यान्वयन कसरी भइरहेको छ ? सामुदायिक र संस्थागत दुवै विद्यालयको शैक्षिक, भौतिक अवस्था कस्तो छ ? विद्यालयमा पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमका शैक्षिक उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, क्रियाकलाप, मूल्याङ्कन प्रवीध छ कि छैन ? केन्द्रमा पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्या आइपरे र समाधानका के के उपाय अपनाइएका छन् ? भन्ने कुरा पहिल्याउन साथै सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तुलनात्मक अध्ययन हाल सम्म पनि नभएकाले **'सामुदायिक र संथागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वन अवस्था'** शीर्षक छनौट गरिएको छ ।

### १.४ अनुसन्धानात्मक प्रश्नहरू

पाठ्यक्रमको उद्देश्य, शैक्षिक सामग्री, विषयवस्तु, क्रियाकलाप, मूल्याङ्कन प्रविधि साथै पाठ्यक्रम कार्यान्वनका समस्या र समाधानका उपाको खोजी अनुसन्धान गर्नका लागि निम्नलिखित प्रश्नहरुको जवाफ खोज्न यस शीर्षक **'सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयन अवस्था'** राखिएको छ ।

क) विद्यालयमा पूर्व प्राथमिक तहमा कस्तो पाठ्यक्रय कार्यान्वयन गरिएको छ ।

ख) पूर्व प्राथमिक तहको पठनपाठन/पाठ्यक्रमको उद्देश्य के के निर्धारण गरिएको छ ?

ग) पाठ्यक्रमले बालबालिकाको कुन कुन पक्षको विकास गर्ने लक्ष्य राखेको छ ?

घ) पाठ्यक्रममा के, के विषयवस्तु राखिएको छ ?

ङ) बालबालिकालाई पठनपाठन गर्न कुन कुन शैक्षिक सामग्रिहरूको व्यवस्था गरिएको छ ?

च) शारीरिक, बौद्धिक , संवेगात्मक, सामाजिक विकास गराउने कस्ता कस्ता क्रियाकलाप हुन्छ ?

छ) बालबालिकाको मूल्याङ्कन प्रविधि के, कस्तो रहेको छ ?

ज) यस तहमा अध्यापन गराउने शिक्षकको व्यवस्था कस्तो छ ?

झ) पाठ्यक्रम कार्यान्वनमा आईपरेका समस्याहरू के के छन् ?

ञ) ती समस्यालाई समाधान गर्न अपनाइएका सुधारका उपाय के के हुन् ?

### १.५ अध्ययनको उद्देश्य

कुनै पनि कार्य के का लागि गर्ने भन्ने प्रश्नको उत्तर नै त्यस कार्यको उद्देश्य हो । उद्देश्यले कार्यको बाटो निर्धारण गर्दछ । यस अध्ययनको प्रमुख उद्देश्य सरकारी र संस्थागत विद्यालयको पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्नु भए तापनि विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :

१. पाठ्यक्रमा निम्न पक्षहरूको तुलना गर्नु

- उद्देश्य
- विषयवस्तु
- शैक्षिक सामग्री
- शिक्षण सिकाइ क्रियाकलाप
- मूल्याङ्कन प्रविधि

२. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा आइपरेका समस्या र अपनाइएका समाधानका उपायहरू पत्ता लगाउनु ।

### १.६ अध्ययनको औचित्य

हरेक अध्ययनको आफ्नै महत्व रहेको हुन्छ । महत्वहीन कार्यक्रम सञ्चालन गर्नको कुनै अर्थ रहँदैन । पूर्व प्राथमिक तह बालबालिकाको सार्वाङ्गीण विकास गर्न, प्राथमिक विद्यालयको पूर्व तयारी गर्ने अभिप्रायले सञ्चालन गरिएको हो । प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन भइरहेका सरकारी र

संस्थागत विद्यालयमा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास हुने गरी पाठ्यक्रमको निर्माण र सोही अनुसार शैक्षिक कियाकलाप संचालन गरिनुपर्दछ । पाठ्यक्रम एक शैक्षिक क्रियाकलापको वृहत् योजना हो तसर्थ यस अध्ययनको निम्नलिखित महत्व रहेको छ :

(क) पाठ्यक्रम निर्माण गर्ने निकायलाई आवश्यक सहयोग पुग्नेछ ।

(ख) पूर्व प्राथमिक बालविकास कार्यक्रम संचालन गर्ने संस्थालाई ।

(ग) बालबालिकाका अभिभावकलाई ।

(घ) पूर्व प्राथमिक तहका शिक्षकलाई ।

(ङ) शिक्षकलाई तालिम दिने व्यक्तिलाई ।

(च) पाठ्यक्रम सम्बन्धी अनुसन्धान गर्ने व्यक्तिलाई ।

(छ) शैक्षिक सामग्री उत्पादन कर्तालाई ।

(ज) मूल्याङ्कन गर्ने व्यक्तिलाई ।

(झ) प्रारम्भिक बालशिक्षा सम्बन्धी चासो लिने व्यक्तिलाई ।

**१.७ अध्ययनको परिसीमा**

हरेक अध्ययनको लागि निश्चित सीमा निर्धारण गर्नुपर्दछ जसले गर्दा अध्ययन अर्थपूर्ण र उद्देश्यमूलक हुन्छ । सीमा नतोकी अध्ययन गर्दा समस्या उत्पन्न हुने हुनाले यस अध्ययनको लागि निम्न सीमा निर्धारण गरिएको छ :

१. यसमा अन्तरवार्ता, प्रश्नावली, कक्षा अवलोकन जस्ता साधनको प्रयोग गरी सूचनाको सङ्कलन गरिएको छ ।

२. यो अध्ययनको निचोडलाई अन्य क्षेत्रका विद्यालयमा सामान्यीकरण गर्न सकिने छैन ।

३. यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित शिशु कक्षा र एल.के.जी मा मात्र सिमित छ ।

४. प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्क्रम) २०६२ को सामुदायिक र संस्थागत विद्यालयमा कार्यान्वनको अध्ययनमा सिमित छ ।

५. सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्या र समाधानका उपायहरुमा मात्र सीमित रहेको छ ।

**१.८ प्रयोग गरिएका शब्दावली र परिभाषा**

सहयोगी कार्यकर्ता : प्रारम्भिक बालविकास तहमा शिक्षण सिकाइ गर्ने व्यक्ति ।

सामुदायिक विद्यालय : सरकारी लगानीबाट सञ्चालित विद्यालय ।

संस्थागत विद्यालय : निजी क्षेत्रको लगानीबाट सञ्चालित विद्यालय ।

प्रारम्भिक तह : औपचारिक शिक्षा प्राप्त गर्नु अगाडिको शैक्षिक स्तर ।

# अध्याय दुई
## सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धानलाई प्रभावकारी, व्यावहारिक, वैज्ञानिक बनाउन, अनुसन्धानको समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धान कर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो बनाउनका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गरिनुपर्दछ । यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयन अध्ययन गरिने हुँदा सैद्धान्तिक र दस्तावेज तथा अनुसन्धान प्रतिवेदनको समीक्षा गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

यस अन्तर्गत बालविकास कार्यक्रमको सैद्धान्तिक पक्षमा योगदान पुऱ्याएका बालमनोवैज्ञानिकहरूले दिएको सिद्धान्तलाई उल्लेख गरिएको छ ।

**(क) जिन ज्याक रुसो**

रुसोका अनुसार बालकलाई असल नागरिक बनाउने हो भने डर र त्रास नदिई बालमैत्री वातावरण बनाउनुपर्छ र इन्द्रियबाट प्राप्त अनुभव बालकलाई दिनुपर्छ । उनको मुख्य मान्यता भनेको Return of nature हो । बालकलाई बाल केन्द्रित वातावरणमा नै सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उनको धारणा थियो । उनका अनुसार शिक्षाको उद्देश्य सन्तुलित, सामञ्जस्यपूर्ण उपयोगी तथा प्राकृतिक जीवनतर्फ अग्रसर गर्दै पूर्ण जीवनयापन गराउनु हो ।

**(ख) डा. मैडम मेरिया मन्टेश्वरी**

इटालीकी प्रथम महिला डाक्टरको रूपमा रहेकी मन्टेश्वरी संसारकी प्रसिद्ध बालशिक्षा शास्त्रीको रूपमा मानिएकी छिन् । सन् १९०७ मा Children's house को पहिलो सुपरभाइजर बनेकी मन्टेश्वरीले वैज्ञानिक पद्धति अनुसार शिक्षण गर्ने विधिको विकास गरिन् । बालबालिकाको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन स्वतन्त्र र स्पष्ट वातावरण दिनुपर्ने र बालकेन्द्रित विधिबाट स्वशिक्षण गरिनुपर्ने उनको मान्यता थियो । बालबालिकाहरूको सिकाइलाई तीब्र बनाउन स्वसिकाइ गराउनु पर्ने र शारीरिक अभ्यासद्वारा मांसपेशीलाई मजबुत बनाउनु पर्ने उनको मान्यता थियो ।

**(ग) फ्रोवेलको किन्डरगार्टन विधि**

राम्रो वातावरण शिशुलाई दिन सके मात्र शिशुको विकास चौतर्फी हुन्छ भन्ने मान्यता राख्ने फ्रोवेलले किन्डरगार्टन नामकरण गरी आफ्नो विद्यालयलाई वाटिकासँग तुलना गरेका थिए । बगैंचाका फुलहरूसँग शिशुको तुलना गरी फ्रोवेलले आत्मा क्रियाकलापबाट सिकाउनुपर्ने कुरालाई बढी जोड दिएका छन् । किताबी ज्ञान नभई स्वतन्त रूपमा बालकेन्द्रित सिकाइ हुनुपर्ने उनको मान्यता थियो । कुनै पनि बालबालिकाको शिक्षा एक्लै पूर्ण हुँदैन जसका लागि अरु बालबालिकासँग घुलमिल हुनुपर्दछ । आत्मा क्रियाकलापद्वारा शिक्षा भन्नु नै गरेर सिक्नु हो । फ्रोवेलको क्रिन्डरगार्डेन विधि पनि गरेर सिक्ने सिद्धान्तमा आधारित छ । उनका अनुसार बालबालिकामा अन्तरनिहित र नैसर्गिक मानवीय गुणहरूको

स्वच्छ पूर्वक विकास गर्नु शिक्षणको मुख्य उद्देश्य हो । उनले कुनै पाठ्यक्रमको निर्माण नगरे पनि विद्यार्थी केन्द्रित र खेल विधिबाट बालबालिकालाई ज्ञान दिनुपर्ने कुरामा जोड दिएका छन् ।

## २.२ दस्तावेज तथा अनुसन्धान, प्रतिवेदनको समीक्षा

रुसो, जोनडिवे, फ्रोवेल, मन्टेश्वरी, विशिष्ट व्यक्तिहरूले प्रारम्भिक बालविकासको सम्बन्धमा आ-आफ्नो धारणा व्यक्त गरेका भए पनि हाल नेपालमा सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम वि.सं. २००७ सालमा काठमाडौँमा स्थापना भएको मन्टेश्वरी स्कुलको विकसित र विस्तारित रूप हो । प्रारम्भिक बालविकास पाठ्यक्रम फ्रोवेल र मन्टेश्वरीको सिद्धान्तमा आधारित छ तर नेपालमा कार्यान्वयन भने पूर्ण रूपमा हुन सकेको छैन । प्रारम्भिक बालविकास पाठ्यक्रमको कार्यथलो रूपमा रहेका बालविकास केन्द्रहरू न त मन्टेश्वरी बालगृहको रूपमा न त फ्रोवेलको उद्यानको रूपमा नै रहेका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालय (MOES) र शिक्षा विभाग (DOE) वाट २०६२ सालमा निर्माण गरिएको प्रारम्भिक बालविकाश दिग्दर्शन पनि बालशिक्षालाई जोड दिदै स्वतन्त्र रूपमा सामग्रीको प्रयोग गरी निरन्तर मूल्याङ्कन गर्दै कार्यक्रम सञ्चालन गर्नु पर्ने भनि पूर्वप्राथमिक तहको लागि पाठ्यक्रमको निर्माण गरेको छ ।

अर्याल (२०२२ ई.सं) ले A study of early childhood Education programme in Nepal" नामक पि.एच.डी. शोधपत्रमा नेपालमा प्रारम्भिक बाल शिक्षा कार्यक्रमको वर्तमान अवस्था प्रयोग, भौतिक पूर्वाधारको अवस्था, शैक्षणिक रणनीतिहरू, पाठ्यक्रमको प्रयोग, भर्ना प्रकिया र मूल्याङ्कन प्रकिया तथा प्रारम्भिक बालशिक्षालाई सुधार गर्न अपनाउनुपर्ने रणनीति पत्ता लगाउने प्रमुख उद्देश्य राखी अनुसन्धान गरिएको छ । उक्त अनुसन्धानमा सामुदायिक पूर्व प्राथमिक तहमा अध्यापन गराउने ५० प्रतिशत शिक्षकले मात्र तालिम पाएको देखिएको छ । अधिकांश अभिभावकले यस तहमा महिला शिक्षक मन पराएको एवं यस तहको मूल्याङ्कन प्रणाली शिक्षकसँग छलफल गरी राख्ने गरेको पाइयो । यस अनुसन्धानको निष्कर्षमा अधिकांश शिक्षकलाई यस तहको राम्रो ज्ञान नभएको तर अभिभावक भने प्रारम्भिक बालशिक्षाबाट माथिल्लो कक्षाको स्तर राम्रो बनाउन सहयोग पुग्ने भएकाले यस तहमा आकर्षण भएको जनाइएको छ । मूल्याङ्कन प्रणाली अभ्यासमा एकरूपता नभएको भनी समस्या उल्लेख गरिएको छ । संस्थागत विद्यालयमा कक्षा कोठाको अनुसरण र शैक्षिक कियाकलाप एवं सामुदायिक विद्यालयमा बाल साथीत्व र अन्तरकियामा जोड दिएको उल्लेख गरिएको छ ।

अर्यालले 'पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण' (२०६७, पृ. ११०–११६) 'नेपालमा बालविकास कार्यक्रमको कार्यान्वयन अवस्था र चुनौतीहरू' सम्बन्धी लेखमा नेपालको प्रारम्भिक बालशिक्षाको वर्तमान अवस्था, पाठ्यक्रमको कार्यान्वयनमा चुनौति एवम् शिक्षण पद्धति, शैक्षिक सामग्री सम्बन्धी पक्षहरूको उठान गरिएको छ । जहाँ सिकाइ क्रियाकलाप बालकेन्द्रित हुनुपर्ने, जिज्ञासु उमेरका यस तहका बालबालिकालाई खेलको माध्यमबाट ज्ञानको विकास गराउनु पर्ने साथै विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

आचार्य (२०६७) ले 'संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास ( पूर्व प्राथमिक) कक्षामा शिक्षण सिकाइ क्रियाकलाप : तुलनात्मक अध्ययन' नामक शोधपत्रमा सरकारी र

संस्थागत दुवै विद्यालयमा सामग्री पर्याप्त भए पनि सामुदायिकको तुलनामा संस्थागत विद्यालयमा सामग्रीलाई व्यवस्थित गरिएको साथै विकासात्मक पक्षमा भने संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा प्रभावकारी रहेको निष्कर्ष पाइएको थियो ।

महतरा (२०६५) ले 'पूर्वबालयावस्था विकास पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान र सीपको अवस्था' नामक शोधपत्रमा निजी स्तरबाट सञ्चालित बालविकास कार्यक्रममा संलग्न शिक्षक, शिक्षिकाको शिक्षण गर्ने ज्ञान, सीप सरकारी विद्यालयमा सञ्चालित बालविकास कार्यक्रममा संलग्न शिक्षक, शिक्षिकाको भन्दा राम्रो भएको कुरा उल्लेख गरेको पाइयो । यसो हुनुको मुख्य कारण निजी विद्यालयका शिक्षकको ज्ञान र परिश्रम अवस्था राम्रो हुनुको कारण दर्शाइएको थियो ।

नेपालमा सञ्चालित, २३,६५९ प्रारम्भिक बालविकास शिक्षा तथा पूर्वप्राथमिक बाल शिक्षा केन्द्रमध्ये २०,०२३ प्रारम्भिक बालविकास केन्द्रहरू समुदाय र समुदायमा आधारित विद्यालयमा सञ्चालित छन् भने बाँकी विद्यालय संस्थागत रूपमा रहेका छन् (Flash I Report, 2065, p. 10) ।

**प्रारम्भिक बालविकास कार्यक्रम**

सन् १९९० मा नेपालले संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेपछि प्रारम्भिक बालविकास कार्यक्रममा विशेष जोड दिएको देखिन्छ । नेपाल सरकारले शिक्षा विभाग मार्फत प्रारम्भिक बाल विकास दिग्दर्शन (पाठ्यक्रम) को निर्माण गरी प्रारम्भिक शाल विकास (पूर्व प्राथमिक) तहमा एकरूपता ल्याउने प्रयास गरेको पाइन्छ ।

**नेपाल प्रगतिशील प्राध्यापक सङ्घ केन्द्रीय समिति गन्तव्य अनुसन्धानात्मक पत्रिका**

नेपालका शिक्षाविद्‌हरूद्वारा लेखिएको यस अनुसन्धानात्मक पत्रिका गन्तव्यमा नेपालका शिक्षा नियमावलीहरूमा पूर्व प्राथमिक कार्यक्रमको नीति नियमलाई दर्शाइएको छ । जहाँ राष्ट्रिय शिक्षा आयोग, २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को नीतिगत कुराहरू उल्लेख गरिएको छ ।

**आधारभूत पूर्व प्राथमिक शिक्षक तालिम प्याकेज**

यो प्रतिवेदन सन् २००१ मा CERID ले तयार पारेको हो । यस प्रतिवेदनमा पूर्वप्राथमिक शिक्षकको लागि कुन कुन पक्षमा सीप विकास गर्ने भन्ने कुरा उल्लेख गरिएको छ ।


हाल हाम्रा अधिकांश पूर्व प्राथमिक विद्यालयहरूमा कण्ठ गर्ने (Rote learning) प्रवृत्ति धेरै चलेको छ । ३ वर्षदेखि ७ वर्षसम्मका बालबालिकाहरूको सिकाइ प्रक्रिया अरुभन्दा भिन्दै खालको हुन्छ । उनीहरू आफ्नो अगाडि आइपर्ने प्रत्येक वस्तुको प्रत्यक्ष अनुभव गरेर सिक्न रुचाउँछन् । उनीहरू त्यतिबेला राम्ररी सिक्दछन् जब उनीहरू यस्ता क्रियाकलापमा स्वयम् सहभागी हुन्छन् अर्थात् वरपरका वस्तुहरू हेरेर, सुनेर, छोएर, सुँघेर, स्वाद लिएर सिक्दछन् । हाम्रो देशमा पूर्व प्राथमिक शिक्षा खाली लेख्न, पढ्न र सङ्ख्यात्मक ज्ञान दिनु मात्रामा सीमित रहेको छ । हाम्रा सहरहरूमा भएका अधिकांश नर्सरी, के.जी. विद्यालयहरूमा हिज्जे गर्नु, लेख्नु र परीक्षामा उच्च अङ्क ल्याउनुलाई राम्रो मान्दछन् अर्थात् वौद्धिक विकास भनेको लेखन र सङ्ख्याको ज्ञान हो भन्ने सम्झन्छन् । यो नै प्रचलित शिक्षा प्रणालीको मुख्य कमजोरी हो । यसका लागि हामीले पूर्व प्राथमिक विद्यालयमा शिक्षण गर्दा बालबालिकाको सर्वाङ्गीण विकास गर्नका लागि विभिन्न शिक्षण प्रणालीहरू अपनाउनु पर्ने जरुरी छ ।

यस प्रतिवेदनमा पूर्व प्राथमिक तहमा बालबालिकालाई सिकाइ क्रियाकलाप गर्दा सहयोगी कार्यकर्ताले कस्ता कस्ता विधि कसरी प्रयोग गर्नुपर्छ साथै यस्ता क्रियाकलापमा कस्ता सामग्री प्रयोग गर्ने भन्नेकुरा पनि लेखिएको छ :

- खेल विधि
- कथा कथन विधि
- गीतको माध्यम
- छलफल विधि
- अभिनय विधि, (सेरिड, २००१) ।

माथि विभिन्न साहित्यको पुनरावलोकनबाट प्रारम्भिक बाल विकास कार्यक्रम ( पूर्व प्राथमिक) शिक्षाको विकास क्रम, पाठ्यक्रमका वर्तमान व्यवस्था, पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्या, समाधानका उपायहरू, उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रविधि, शिक्षकको तालिम, शैक्षिक योग्यता कक्षाकोठाको भौतिक पूर्वाधारको अवस्था आदि विषयमा अध्ययन गर्न सहयोग मिलेको थियो ।

२.३ अवधारणात्मक ढाँचा



## अध्याय तीन

## अध्ययन विधि

विधि भन्नाले कुनै पनि कार्यक्रम सुव्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि अपनाइने तौरतरिका हो । कार्यक्रम अध्ययनलाई सहीबाटो दिन र निर्धारित समयमा उद्देश्य प्राप्त गर्न उपयुक्त विधिको छनोट गर्नु पर्दछ । यहाँ अध्ययन विधि अन्तर्गत निम्न प्रक्रियाहरू छनोट गर्नुपर्दछ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययनका क्रममा अनुसन्धानकर्ताले विषयवस्तुलाई प्रकृतिक अवस्थामा नै अध्ययन गर्छ भने त्यो अध्ययन गुणात्मक अध्ययन हो, जसलाई प्राकृतिक खोज विधि पनि भनिन्छ । यस अध्ययनमा खुल्ला अन्तरवार्ता, प्रश्नावली, प्रत्यक्ष अवलोकन गरी सूचनाहरू सङ्कलन गरिएको छ । अध्ययनको क्रममा प्राप्त सूचनालाई गुणात्मक रूपमा विश्लेषण र व्याख्या गरी उद्देश्य अनुसार क्रमिक रूपमा राखिएको छ । प्रधानाध्यापक, अभिभावकसँग अन्तरवार्ता, शिक्षकसँग प्रश्नावली र कक्षा अवलोकन गरी प्राथमिक स्रोतवाट स्वतन्त्ररूपमा सूचना सङ्कलन गरिएको छ ।

यहाँ अनुसन्धानात्मक प्रश्नहरूलाई निम्न ढाँचामा प्रस्तुत गरिएको छ :

| क्र.सं | अनुसन्धानात्मक प्रश्नहरू | सूचनाको स्रोत | सूचना सङ्कलनको साधन |
|---|---|---|---|
| १ | विद्यालयमा पूर्व प्राथमिक तहमा कस्तो पाठ्यक्रम कार्यान्वयन गरिएको छ । | क) प्रधानाध्यापक | क) अन्तवार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| २ | पूर्वप्राथमिक तहको पठनपाठन/पाठ्यक्रमको उद्देश्य के के निर्धारण गरिएको छ ? | क) प्रधानाध्यापक | क) अन्तर्वार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| ३ | पाठ्यक्रमले बालबालिकाको कुन कुन पक्षको विकास गर्ने लक्ष्य राखेको छ ? | क) प्रधानाध्यापक | क) अन्तर्वार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| ४ | पाठ्यक्रममा के के विषयवस्तु राखिएको छ ? | क) प्रधानाध्यापक | क) अन्तर्वार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| | | ग) अभिभावक | ग) अन्तर्वार्ता |
| ५ | बालबालिकालाई पठनपाठन गर्न कुन कुन शैक्षिक सामग्रीहरूको व्यवस्था गरिएको छ ? | क) प्रधानाध्यापक | क) अन्तर्वार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| ६ | शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक विकास गराउने कस्ता कस्ता कियाकलाप हुन्छन् । | क) प्रधानाध्यापक | क) अन्तर्वार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| | | ग) अभिभावक | ग) अन्तर्वार्ता |
| | | | कक्षा अवलोकन |
| ७ | बालबालिकाको मूल्याङ्कन प्रविधि के कस्तो रहेको छ । | क) प्रधानाध्यापक | क) अन्तवार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| | | ग) अभिभावक | ग) अन्तवार्ता |
| ८ | यस तहमा अध्यापन गराउने शिक्षकको व्यवस्था कस्तो छ ? | क) प्रधानाध्यापक | क) अन्तवार्ता |
| | | ख) अभिभावक | ख) अन्तवार्ता |
| ९ | पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु के के छन् ? | क) प्रधानाध्यापक | क) अन्तवार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |
| १० | ती समस्यलाई समाधान गर्न अपनाइने सुधारका उपायहरू के के छन् ? | क) प्रधानाध्यापक | क) अन्तवार्ता |
| | | ख) शिक्षक | ख) प्रश्नावली |

### ३.२ नमुना छनोट प्रक्रिया

यस अध्ययन अनुसन्धानको लागि काठमाडौं जिल्ला मा रहेको, धापासी गा.वि.स चक्रपथ सँग जोडिएर रहेको गा.वि.स. हो । यस गा.वि.स भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरूबाट सुविधाजनक नमुना छनोटको उपयोग गरी विद्यालय छनोट गरिएको थियो । साथै यससँग सम्बन्धित प्रधानाध्यापक, शिक्षक, अभिभावकलाई निम्न रूपमा छनोट गरिएको थियो।

#### ३.२.१ विद्यालयको छनोट

यस अनुसन्धानमा सुविधाजनक नमुना छनोट विधिको आधारमा धापासी गा.वि.स अन्तर्गत रहेको १ सामुदायिक (तिलिङ्टार उ. मा.वि) र १ संस्थागत (सप्त गण्डकी आ.मा.वि) गरी जम्मा २ विद्यालयहरुलाई छनोट गरिएको थियो । साथै दुवै विद्यालयमा सञ्चालित नर्सरी र एल.के.जी कक्षालाई मात्र अध्ययनका लागि समावेश गरिएको थियो ।

#### ३.२.२ प्रधानाध्यापक र शिक्षक छनोट

छनोटमा परेका सामुदायिक (तिलिङ्टार उच्च मा.वि) र संस्थागत (सप्त गण्डकी आ.मा.वि) विद्यालयका १/१ जना प्रधानाध्यापकलाई समाबेश गरिएको थियो र २/२ जना पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षक उद्देश्य मूलक नमुना छनोट विधिको प्रयोग गरी छनोट गरिएको थियो ।

#### ३.२.३ अभिभावकको छनोट

अध्ययनका लागि छनोटमा परेको सामुदायिक र संस्थागत विद्यालयहरूका पूर्व प्राथमिक तहमा अध्ययनरत विद्यार्थीका अभिभावक मध्येमा ३/३ जनाका दरले जम्मा ६ जना अभिभावकहरुलाई सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी यस अध्ययनका लागि छनोट गरिएको थियो ।

### ३.३ सूचना सङ्कलनका साधनहरू

अध्ययन अनुसन्धानलाई अर्थपूर्ण र उद्देश्य प्राप्त गर्ने गरी समापन गर्न सूचना सङ्कलनका साधनहरूको निर्माण गर्नुपर्दछ । यस अध्ययनमा प्राथमिक र द्वितीय सूचनाको स्रोतको प्रयोग गरिएको थियो । प्राथमिक सूचनाको स्रोत अन्तर्गत अन्तवार्ता, प्रश्नावली, कक्षा अवलोकन रहको छ भने द्वितीय सूचनाको स्रोतअन्तर्गत अप्रकाशित रिसर्च, शोधपत्र, लेखहरू रहेका छन् । यस अध्ययनका लागि निम्नलिखित साधनबाट प्राथमिक सूचनाहरू संकलन गरिएको थियो ।

#### ३.३.१ अन्तवार्ता निर्देशिका

सरकारी र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रम तुलनात्मक अध्ययन गर्न पाठ्यक्रम प्रभावकारी कार्यान्वनमा आइपरेका समस्या र अपनाइएका समाधानका उपायहरूका वारेमा दुवै विद्यालयका प्रधानाध्यापक र अभिभावकसँग अन्तरवार्ता लिई सूचना सङ्कलन गर्न अन्तरवार्ता सूची तयार गरिएको थियो । प्राधानाध्यापक सँग गरिएका अन्तरर्वार्ता निर्देशिका अनुसूचि १ मा र अभिभावक सँग गरिएको अन्तरर्वार्ता निर्देशिका अनुसूचि ३ मा राखिएको छ ।

### ३.३.२ कक्षा अवलोकन फारम

यस अध्ययनमा दुवै विद्यालयका पूर्व प्राथमिक तहमा शिक्षकले शिक्षण गरेको कक्षा कोठामा विषयवस्तुको प्रस्तुतिकरण, शैक्षिक सामग्री प्रयोग, सिकाइ क्रियाकलाप, विद्यार्थी सहभागिता, मुल्याङ्कन प्रविधि, सम्बन्धी सूचनाहरू संकलन गर्न कक्षा अवलोकन फारम तयार गरिएको थियो । शैक्षिक सामग्री अवलोकन फारमलाई अनुसूची ४ मा राखिएको छ भने सामाजिक, मानसिक, शारीरिक, संवेगात्मक, विकास गराउने क्रियाकलाप अवलोकन गरिएको कक्षा अवलोकन फारम क्रमश, अनुसूचि ७, ८, ९ र १० मा राखिएको छ ।

### ३.३.३ प्रश्नावली

सामुदायिक र संस्थागत दुवै विद्यालयमा पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रविधि, पाठ्यक्रम कार्यान्वयमा आइपरेका समस्या र अपनाइएका समाधानका उपायहरू जस्ता विषयवस्तुको वारेमा सूचना सङ्कलन गर्न शिक्षकको लागि प्रश्नावलीको निर्माण गरिएको थियो । उक्त प्रश्नावलीलाई अनुसूचि २ मा राखिएको छ ।

## ३.४ साधनको वैधता निर्धारण

साधनलाई अन्तिम रूप दिनु अगाडि त्यसको विश्वसनीयता एवं उपयोगिता परीक्षण गर्नका लागि उक्त साधनको वैधता निर्धारण गरिनु पर्दछ । यस अध्ययनको उद्देश्य हासिल गर्न साधनको निर्माण गरिसकेपछि सहपाठी मित्रसँग छलफल गरेर सुधार गरी शोध निर्देशक समक्ष प्रस्तुत गरिएको थियो । शोध निर्देशकको राय, सुझाव अनुसार परिमार्जन गरी उहाँकै सल्लाह अनुसार साधनलाई अन्तिम रूप दिइएको थियो ।

## ३.५ सूचना सङ्कलन प्रक्रिया

अध्ययनका क्रममा सूचना सङ्कलन निम्न प्रक्रियावाट गरिएको थियो ।

**१) विद्यालयको भ्रमण र वातावरण निर्माण :**

नमुनाको लागि छनोट गरिएको सामूदायिक विद्यालय (तिलिङ्गटार उ.मा.वि) र संस्थागत विद्यालय (सप्तगण्डकी आ.मा.वि.) मा क्रमश वि.स. २०६७/१०/१४ गते र वि.स. २०६७/९/२८ गते भ्रमण गरि अध्ययनको वातावरण निर्माण गरिएको थियो ।

**२) पाठ्यक्रमको अध्ययन :**

नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, बालविकास माहाशाखा द्वारा निर्माण गरिएको प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) को अध्ययन गरियो । जसले पाठ्यक्रमको तुलना गर्ने आधार प्रदान गरेको थियो । आधारभूत तालिम पुस्तिका, नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीतिपत्र जस्त सन्दर्भ सामग्रीहरुको अध्ययन गरिएको छ ।

**३) प्र.अ. सँगको अन्तरवार्ता :**

छनोटका क्रममा परेका दुवै विद्यालयमा प्र.अ.हरुलाई अध्ययनको जानकारी गराइयो र विद्यालयमा सूचना संकलन गर्न अनुमति मागिएको थियो । साथै उक्त विद्यालयहरुमा कसरी पूर्व प्राथमिक कक्षा सञ्चालन गरिएको भनि थाहा पाउन प्र.अ. सँग अन्तरवार्ता गरिएको थियो ।

**४) शिक्षकसँग अन्तरवार्ता :**

छनोटमा परेका दुवै विद्यालयका पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई अध्ययनको औचित्य वताई सूचना उपलब्ध गराउन अनुरोध गरिएको थियो । प्रारम्भिक बालविकास पाठ्यक्रमको कार्यान्वयन उक्त विद्यालयहरुमा कसरी भइरहेको छ भनि जान्नका लागि शिक्षकसँग अन्तरवार्ता गरिएको थियो ।

**५) अभिभावकसँग अन्तरवार्ता :**

बालबालिकाको व्यवहार, विद्यालयमा गर्ने क्रियाकलापप्रति अभिभावकको धारणा जस्ता विषयको जानकारी लिन दुवै विद्यालयका अभिभावकसँग अन्तरवार्ता लिइएको थियो ।

**६) कक्षा तथा सामाग्रीको उपलब्धताको अवलोकन :**

शैक्षिक सामग्रीको उपलब्धता कस्तो छ र शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास गराउने क्रियाकलाप के कसरी भएको छ भनि प्रत्यक्ष अवलोकन गर्न शैक्षिक सामाग्री र अवलोकन फारमको निर्माण गरिएको थियो ।

## ३.६ सूचनाको विश्लेषण र व्याख्या

अनुसन्धानका लागि सम्पूर्ण निर्माण गरिएका साधनको प्रयोग गरी गुणात्मक सूचना सङ्कलन गरिएको थियो । ती सूचनालाई उद्देश्यका आधारमा वर्णनात्मक रूपमा विश्लेषण र व्याख्या गरिएको छ ।

## अध्याय चार

## प्राप्त सूचनाको विश्लेषण र व्याख्या

नेपाल सरकार, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखाले प्रारम्भिक बालविकास तह (पूर्व प्राथमिक तह)का लागि प्रारम्भिक बालविकास दिग्दर्शन निर्माण गरी सामुदायिक र संस्थागत विद्यालय एवं समुदायद्वारा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरूमा सञ्चालन गरिरहेको छ । उक्त दिग्दर्शनले निर्दिष्ट गरेअनुसारको उद्धेश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रविधि सामुदायिक र संस्थागत विद्यालयहरूमा के, कसरी कार्यान्वयन भएका छन् ? दिग्दर्शन अनुसार दुवै विद्यालयहरूले कार्यान्वयन के कस्तो गरेका छन् ? पाठ्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्या भोगेका थिए र ती समस्या समाधान गर्न के के उपायहरू अपनाइएका थिए? जस्ता प्रश्नहरूबाट प्राप्त प्रतिक्रियाहरू निम्नानुसार विश्लेषण र व्याख्या गरिएका छन् :

### ४.१ प्रारम्भिक बालविकास दिग्दर्शनले निर्दिष्ट गरेका उद्धेश्य, विषयवस्तु , शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रविधिहरू सामुदायिक र संस्थागत विद्यालयहरूको कार्यान्वयन स्थिति विवरण

शिक्षा विभागले निर्माण गरेको प्रारम्भिक बालविकास दिग्दर्शनमा तोकिए अनुसारका उद्धेश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रविधि को अध्ययन, छनोटमा परेका विद्यालयहरूले निम्नानुसार कार्यान्वयन गरेको जानकारी दुवैथरी विद्यालयहरूका प्र.अ., शिक्षकहरू र अभिभावकहरूबाट प्राप्त भएका थिए :

#### ४.१.१ उद्धेश्य

दुवै थरी विद्यालयका २ जना प्र.अ. र २ जना शिक्षकलाई दिग्दर्शनमा तोकिएका उद्धेश्यहरू कार्यान्वयन स्थितिबारे सोधिएका प्रश्नहरूको प्रतिक्रियात्मक जवाफ उनिहरूले निम्नानुसार दिएका थिए :

**तालिका नं. ४.१**

**प्रारम्भिक बालविकास पाठ्यक्रमको उद्देश्यको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| - बालबालिकाहरूलाई मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्न ।<br>- उनीहरूलाई सरसफाइ र सुरक्षा सम्बन्धी बानी बसाल्न प्रेरित गर्ने ।<br>- उनीहरूलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने ।<br>- उनीहरूलाई प्राथमिक शिक्षाको लागि तयार गराउने ।<br>- उनीहरूमा विश्वास र सुरक्षाको भावना जागृत गराउने । | - बालबालिकाको शारीरिक, सामाजिक, नैतिक विकास गर्ने ।<br>- सरसफाइ र स्वास्थ्य सम्बन्धी ज्ञान दिने ।<br>- सामूहिक र आदरभावको विकास गराउने ।<br>- नेपाली, गणित, अङ्ग्रेजी जस्ता विषयको आधारभूत ज्ञान दिने ।<br>- खेल र मनोरञ्जनात्मक क्रियाकलापद्वारा सृजनात्मक क्षमताको विकास गराउने । | - बालबालिकाको शारीरिक, मानसिक, सामाजिक क्षेत्रको विकास गर्ने ।<br>- सरसफाइ सम्बन्धी ज्ञान दिने ।<br>- नेपाली अङ्ग्रेजी, गणित, विज्ञान जस्ता विषयको आधारभुत ज्ञान दिने ।<br>- विद्यालयको अनुशासनमा बस्न सिकाउने । |

स्रोतः प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन,२०६७ ।

माथिको तालिकालाई विश्लेषणात्मक रूपले अध्ययन गर्दा, पूर्व प्राथमिक तहको दिग्दर्शनले तोकेका उद्धेश्यहरू कार्यान्वयन सम्बन्धमा विचार गर्दा तोकिएका ५ वटा उद्धेश्यहरू मध्ये सामुदायिक विद्यालयले ३ वटा पूर्ण र २ वटा आवश्यकता अनुसार सहज बनाइ कार्यान्वयन गरिरहेको र संस्थागत विद्यालयले २ वटा उद्देश्य आवश्यकताअनुसार परिमार्जन गरी र २ दुईवटा यथावत् कार्यान्वयन गरिएको एउटा उद्धेश्य वास्ता नै नगरिएको पाइयो । केही उद्धेश्य परिमार्जन किन गरिएको हो भन्ने प्रश्नको जवाफमा दुवै थरी विद्यालयका प्र.अ.हरूले विषयगतमा नै जोड दिनु पर्ने भन्ने अभिभावकको सुझावका कारणले गर्दा केही परिमार्जन गरी कार्यान्वयन गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । यसलाई विचार गर्दा दुवै थरी विद्यालयहरूले दिग्दर्शनमा तोकिएका उद्धेश्यहरू राम्रोसँग सोचेर नै कार्यान्वयन गरेकोे मान्न सकिन्छ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयले दिग्दर्शनका उदेश्यलाई बढी नै कार्यान्वयन गरेको पाइयो।

### ४.१.२ विषयवस्तु

दिग्दर्शनमा पूर्व प्राथमिक तहको लागि उद्धेश्य अनुसार निश्चित विषयवस्तु पनि निर्दिष्ट गरिएको छ । ती विषयवस्तुहरू सामुदायिक र संस्थागत विद्यालयहरूले कुन, कुन विषयवस्तु के, कसरी कार्यान्वयन गरिएको छ भनी दुवै विद्यायलका  शिक्षकहरू प्र.अ. र शिक्षकहरूसँग सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफहरू उनीहरूले निम्नानुसार दिएका थिए:

**तालिका नं. ४.२**

**प्रारम्भिक बालविकास पाठ्यक्रमको विषयवस्तुहरुको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| **विकासात्मक पक्ष** | | |
| - शारिरिक विकास | - शारिरिक विकास | - शारीरिक विकास |
| - मानसिक विकास | - मानसिक विकास | - मानसिक विकास |
| - संवेगात्मक विकास | - संवेगात्मक विकास | - संवेगात्मक विकास |
| - सामाजिक र नैतिक विकास | – सामाजिक विकास | - सामाजिक विकास |
| **विषयगत सिकाइ** | - नेपाली | - नेपाली |
| - भाषिक सिप (नेपाली) | - गणित | - गणित |
| - गणित | - सृजनात्मकता | - सृजनात्मकता |
| - सृजनात्मकता | - विज्ञान | - विज्ञान |
| - वातावरण विज्ञान | - अङ्ग्रेजी | - अङग्रेजी |
| - सामाजिक शिक्षा | - स्वास्थ्य | |

स्रोतः प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन २०६७ ।

माथिको तालिकालाई विश्लेषणात्मक अध्ययन गर्दा, प्रारम्भिक बालविकास दिग्दर्शनले पूर्व प्राथमिक तहको लागि उद्धेश्य अनुसार निश्चित विषयवस्तु निर्दिष्ट गरेको छ। उक्त विषयवस्तुहरू कार्यान्वयन सम्बन्धमा विचार गर्दा दिग्दर्शनले तोकिएका ९ वटा विषयवस्तुमध्ये सामुदायिक विद्यालयले ८ वटा विषयवस्तु पूर्ण र एउटा विषयवस्तु आवश्यकता अनुसार परिमार्जन गरी एवम् १ वटा विषयवस्तु थप गरी कार्यान्वयन गरेको त्यसैगरी संस्थागत विद्यालयले पनि ८ वटा विषयवस्तु पूर्ण रूपमा कार्यान्वयन गरेको र एउटा विषयवस्तु आवश्यकता अुनसार सहज बनाइ कार्यान्वयन गरिएको पाइयो । केही विषयवस्तु परिमार्जन र थप किन गरिएको हो भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ.हरूले अङ्ग्रेजी विषयमा पनि जोड दिनुपर्ने भन्ने अभिभावकहरूको सुझावको कारणले गर्दा विषयवस्तुलाई केही परिमार्जन गरी कार्यान्वयन गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । दुवै

विद्यालयहरूमा दिग्दर्शनमा तोकिएका विषयवस्तुहरूको कार्यान्वयन राम्रोसँग गरेको मान्न सकिन्छ । दुवै विद्यालयहरूमा विषयवस्तु दिने, खेलाउने, सृजनात्मक क्रियाकलाप गराउन दैनिक तालिका रहेको दुवै विद्यालयहरूका शिक्षकले जानकारी दिए । जसलाई विषय क्षेत्रका रूपमा अनुसूची ५, ६ मा राखिएको छ । उक्त दैनिक तालिका र दिग्दर्शनले तोकेअनुसार विषयवस्तुलाई हेर्दा संस्थागतको तुलनामा सामुदायिक विद्यालयमा विषयवस्तु छनौट र दैनिक शैक्षिक कार्यक्रम राम्रोसँग सञ्चालन भएको अवलोकनको क्रममा पाइयो । सामुदायिक विद्यालयमा पाठ्यपुस्तक अनिवार्य नबनाए पनि संस्थागत विद्यालयले अनिवार्य पाठ्यपुस्तकको व्यवस्था गरेको पाइयो ।

### ४.१.३ शैक्षिक सामग्री

प्रारम्भिक बालविकास दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि निश्चित शैक्षिक सामग्री निर्दिष्ट गरिएको छ । ती शैक्षिक सामग्रीहरू सामुदायिक र संस्थागत विद्यालयहरूमा कुन, कुन शैक्षिक सामग्री उपलब्ध छन्  के कसरी सामग्रीको कार्यान्वयन गरिएको छ ? भनी दुवैथरी विद्यालयका प्र.अ. र शिक्षकलाई सोधिएका प्रश्नको प्रतिक्रियात्मक जवाफ उनीहरूले निम्नानुसार दिएका थिए :

**तालिका नं. ४.३**

**प्रारम्भिक बालविकास पाठ्यक्रमको शैक्षिक सामग्रीको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालयले प्रयोग गरेको | संस्थागत विद्यालयले प्रयोग गरेको |
|---|---|---|
| - खेल सामग्री<br>- चित्र (घर, जनावर, बालबालिका खेलेका, सामूहिक भावना जगाउने यातायातका साधनहरू)<br>- तालिका (वर्ग, अल्फबेट, अङ्क)<br>- ब्लक, रङ्गीन कागज, कथा गीतका किताब, चित्रकथा, चाडपर्वमा प्रयोग हुने सामग्री)<br>- वाद्यवादन (मुरली, सिठी, तबला, गितार, मादल आदि)<br>- टि.भी., रेडियो, क्यासेट<br>- बिउहरू, खाद्यपदार्थ, घडी, डोरी, क्यालेन्डर, पत्रिका, नक्साहरू, ग्लोब, भेषभूषा जनाउने चित्रहरू | - खेल सामग्री<br>- चित्र (जनावर, फलफुल, सामूहिक भावना जगाउने सवारी साधन, संवेग व्यक्त भएका)<br>- तालिका (वर्ग, अल्फाबेट, अङ्क, जनावर, फलफुलको नाम लेखिएको)।<br>- चित्रात्मक कथा ब्लक<br>- बाद्यवादन (मुरली, सिठी, मादल, तबला)<br>- पुतली, गुडिया, ब्लक<br>- टि.भी., रेडियो<br>- बिउहरू, पत्रिकाहरू<br>- निर्देशिका आधारभूत तालिम पुस्तिका<br>- बालगीत र कथाका किताबहरू<br>- नक्सा, ग्लोब | - खेल सामग्री<br>- चित्र (जनावर घर, फलफुल, वोटविरूवा, सामूहिक भावना जगाउने)<br>- तालिका (वर्ग, अङ्क, अल्फवेट, जनावरको नाम)<br>- चित्रकथा ऐना, काइयो, कपडा, गुडिया, ब्लक<br>- वाद्यवादन (मुरली, सिठी, मादल, तवला, गितार, रेडियो, टि.भी)<br>- प्लाष्टिकको (बल, गाडी)<br>- माटोको भाँडा, रूमाल, काठका मसिना लौरी, नक्सा, रङ्गीन कागज, घडी, ग्लोब। |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६७।

शैक्षिक सामग्रीको प्रयोगले सिकाइ प्रभावकारी र दिगो हुन्छ । प्रारम्भिक बालविकास दिग्दर्शनले विषयवस्तुअनुसार स्थानीय स्तरमा उपलब्ध सामग्री प्रयोगमा जोड दिनुपर्ने कुरामा जोड दिएको पाइन्छ।

माथिको तालिकालाई विश्लेषणात्मक रूपमा अध्ययन गर्दा दुवै विद्यालयहरूमा शैक्षिक सामग्रीको अवस्था ठिकै रहेको पाइयो । दिग्दर्शनले तोकेका शैक्षिक सामग्रीको उपलब्धता र कार्यान्वयनको सम्बन्धमा विचार गर्दा तोकिएका शैक्षिक सामग्री सामुदायिक विद्यालयमा केही पाइए तापनि पूर्ण रूपमा उपलब्ध नभएको पाइयो । संस्थागत विद्यालयमा पनि दिग्दर्शनले तोकेको शैक्षिक सामग्री पूर्ण रूपमा उपलब्ध नभएको पाइयो । किन दिग्दर्शनले निर्दिष्ट गरे अनुसारका सबै शैक्षिक सामग्रीको व्यवस्था नगरिएको हो भन्ने प्रश्नको जवाफामा दुवै विद्यालयहरूका प्र.अ. हरूले आर्थिक

स्रोतको अभावको कारणले गर्दा शैक्षिक सामग्रीको अभाव रहेको हो भन्ने प्रतिक्रिया दिएका थिए । सामुदायिक विद्यालयको पूर्व प्राथमिक तहको कक्षाकोठा ठूलो रहेकेले सबै सामग्री त्यही नै मिलाएर राखिएको र संस्थागत विद्यालयको कक्षाकोठा सानो भएकोले शिक्षण सिकाइ क्रियाकलाप गर्दा प्रयोग गर्ने नभए छुट्टै मन्टेश्वरी कोठामा राख्ने व्यवस्था गरिएको शिक्षकले प्रतिक्रिया दिएका थिए । दुवै विद्यालयमा उपलब्ध सामग्रीहरू दिग्दर्शनले निर्धारण गरे जस्तै स्थानीय रूपमा उपलब्ध हुने खालका रहेको अवलोकनका क्रममा देखिएका थिए ।

### ४.१.४ शिक्षण सिकाइ क्रियाकलाप

दिग्दर्शनले बालबालिकालाई विभिन्न क्रियाकलाप गराइ निम्न पक्षको विकास गराउन खोजेको पाइन्छ :

१. शारीरिक पक्ष

२. सामाजिक पक्ष

३. मानसिक पक्ष

४. संवेगात्मक पक्ष

#### ४.१.४.१ शारीरिक पक्षको विकास

शरीरका सूक्ष्म तथा स्थूल अङ्गहरूलाई सन्तुलित गरी समन्वयात्मक ढङ्गले संचालन गर्न सक्नु नै शारीरिक विकास हो । दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि शारीरिक पक्षको विकास गराउन निश्चित क्रियाकलाप निर्दिष्ट गरिएको छ । ती क्रियाकलापहरू सामुदायिक र संस्थागत विद्यालयहरूले के, कसरी कार्यान्वयन गरिरहेका छन् भनी प्र.अ. र शिक्षकहरूसँग सोधिएका प्रश्नको प्रतिक्रियात्मक जवाफहरू उनीहरूले निम्नानुसार दिएका थिए :-

**तालिका नं. ४.४**

**प्रारम्भिक बालविकास पाठ्यक्रमको शारीरिक विकास गराउने क्रियाकलापको कार्यान्वयन  अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| - चालद्वारा अभिव्यक्ति दिने ।<br>- शारीरिक क्रियाकलापमा रूचि जगाउने कार्य गर्ने ।<br>- नियम र निर्देशन अनुसार कार्य गर्ने ।<br>- चाल चल्न सिकाउने ।<br>- सुक्ष्म मांशपेशीको विकास<br>- दृष्टि चाल, सुनाइ र चालबीच समन्वय ल्याउने ।<br>- शरीरको भाग चलाउने क्रियाकलाप गराउने । | - शारीरिक कसरत ।<br>- खेलका माध्यमबाट व्यायाम गराउने ।<br>- नियमको पालना गराउने ।<br>- समाउने, दौड्ने, उफ्रने ।<br>- मांशपेशीको विकास ।<br>- दृष्टि चाल र चालध्वनिको विकास गराउने । | - शारीरिक कसरत ।<br>- खेलबाट शारीरिक व्यायाम गराउने ।<br>- नियमको पालना गराउने ।<br>- हिड्ने, दौड्ने, उफ्रने ।<br>- मांशपेशीको विकास ।<br>- दृष्टि चालको विकास गराउने । |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकालाई अध्ययन गर्दा दिग्दर्शनले तोकिएका ७ वटा क्रियाकलापहरूमध्ये सामुदायिक विद्यालयले ५ वटा क्रियाकलाप पूर्ण, २ वटा क्रियाकलाप आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गरिएको पाइयो । संस्थागत विद्यालयले पनि एउटा क्रियाकलापलाई आवश्यकता अनुसार सहज बनाइ ५ वटा क्रियाकलापलाई पूर्ण रूपमा कार्यान्वयन गरेको र एउटा क्रियाकलापलाई वास्ता नै नगरिएको पाइयो । केही क्रियाकलापलाई किन परिमार्जन गरिएको हो ? भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ. हरूले शारीरिक विकास गराउने विषयवस्तु अनुसार क्रियाकलापलाई परिमार्जन गरी कार्यान्वयन गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । दुवै विद्यालयमा शारीरिक विकास गराउने क्रियाकलाप गराउन स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको प्रयोग गर्ने गरेको पाइयो । शारीरिक विकास गराउन दुवै विद्यालयहरूमा समाउने, दौड्ने, उफ्रने, मांशपेशीको कसरत गर्ने, दृष्टि र चालको विकास गराउने जस्ता क्रियाकलापहरू बल, मादल, डोरी, सिठी, लौरी, स-साना काठका बाकसहरूको प्रयोग गरी खेल, अभिनय, प्रदर्शन विधिहरूको प्रयोग गर्ने गरिएको प्रतिक्रिया दुवै विद्यालयका शिक्षकहरूले दिएका थिए । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयले बढी क्रियाकलाप गराए पनि खेल सामग्री संस्थागत विद्यालयमा नै बढी रहेको अवलोकनको क्रममा पाइयो ।

### ४.१.४.२ सामाजिक पक्षको विकास

बालबालिकाहरू समाजमा समायोजन हुनु र सामाजिक परिपक्वता प्राप्त गर्नु नै सामाजिक विकास हो । दुवै विद्यालयहरूका प्र.अ. र शिक्षकलाई दिग्दर्शनमा तोकिएका सामाजिक विकास गराउने क्रियाकलापको कार्यान्वयन स्थितिबारे सोधिएको प्रश्नमा उनीहरूले प्रतिक्रियात्मक जवाफहरू निम्नानुसार दिएका थिए :

**तालिका नं. ४.५**

**प्रारम्भिक बालविकास पाठ्यक्रमको सामाजिक विकास गराउने क्रियाकलापको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| - सामाजिक मूल्य मान्यताको पहिचान गर्न सक्ने<br>- सत्य बोल्ने, धीरता<br>- समान व्यवहार<br>- सहयोगी मिलनसार<br>- अरूको विचारको कदर, शिष्टाचार<br>- मायाँ, ममता गर्न सिकाउन<br>- ठिकबेठिक छुट्याउन<br>- व्यक्तिको फरक व्यवहार बुझ्ने, समस्या पर्दा सोच्ने, निर्णय दिने<br>- नेतृत्व लिन र साथी बनाउन | - राष्ट्रिय गान गाउन लगाउने<br>- सत्य बोल्ने<br>- समान व्यहवार<br>- सहयोगी भावनाको विकास<br>- शिष्टाचार र अभिवादन<br>- माया, आदर गर्न सिकाउने<br>- लाइनमा पालो पर्खने<br>- ठिकबेठिक छुट्याउने<br>- समस्या पर्दा सोच्ने र निर्णय दिने | - प्रार्थना गर्न लगाउने<br>- सत्य बोल्ने<br>- समान व्यवहार<br>- सहयोगी भावना<br>- अभिवादन र आदर गर्ने<br>- साथी बनाउने<br>- लाइनमा पालो पर्खने<br>- स्वास्थ्य र सरसफाइमा ध्यान दिने |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम)२०६२ र विद्यालय स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकालाई विश्लेषणात्मक रूपमा अध्ययन गर्दा पूर्व प्राथमिक तहको दिग्दर्शनले तोकेका सामाजिक विकास गराउने क्रियाकलापम कार्यान्वयन सम्बन्धमा विचार गर्दा तोकिएका ११ वटा क्रियाकलापहरू मध्ये सामुदायिक विद्यालयले ८ वटा क्रियाकलाप पूर्ण, एउटा आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गरेको र २ वटा क्रियाकलापलाई कार्यान्वयन नै नगरेको पाइयो भने संस्थागत विद्यालयले पनि ७ वटा क्रियाकलाप पूर्ण, एउटा क्रियाकलाप आवश्यक परिमार्जन गरी र वाँकी ३ वटा क्रियाकलापलाई वास्ता नै नगरिएको पाइयो । किन केही क्रियाकलापलाई परिमार्जन गरिएको र केही दिग्दर्शनको क्रियाकलापलाई समावेश नै नगरिएको हो भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ., शिक्षकहरूले पहिलादेखि नै यिनै क्रियाकलाप गराउने गरेकाले दिग्दर्शनका

क्रियाकलापलाई परिमार्जन गरिएको साथै विषयगत ज्ञानलाई बढी जोड दिनु परेको हुँदा दिग्दर्शनका सबै क्रियाकलापलाई कार्यान्वयन नगरिएको हो ! भन्ने प्रतिक्रिया दिएका थिए ।

प्रारम्भिक बालविकास दिग्दर्शनले सामाजिक विकास गराउन सामाजिक मूल्य, मान्यता र संस्कृतिको ज्ञान लिने, सहयोगी, सत्य बोल्ने, मिलनसार, ठिक बेठिक छुट्याउने जस्ता क्रियाकलाप गराउन निर्दिष्ट गरेकामा यी क्रियाकलाप दुवै विद्यालयहरूमा भए पनि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा बढी गराइएको पाइयो । दुवै विद्यालयमा सामाजिक विकास गराउन अभिनय, समस्या समाधान, छलफल विधिको प्रयोग गरी स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको उपयोग गरेको कक्षा अबालेकनको क्रममा पाइयो । तालिम प्राप्त शिक्षकको व्यवस्थाले गर्दा सामुदायिक विद्यालयमा सामाजिक विकास गराउने क्रियाकलाप राम्रोसँग संचालन भएको पाइयो । अभिभावकहरूले पनि आफ्ना बालबालिकाको साथी समूहमा मिल्ने, पालो पर्खने, सहयोगी भावना जस्ता व्यवहारमा विद्यालयको क्रियाकलाले गर्दा सकारात्मक परिवर्तन आएको अन्तरवार्ताका क्रममा बताएका थिए ।

### ४.१.४.३ मानसिक पक्षको विकास

मानसिक विकास प्रत्यक्ष रूपमा ज्ञानेन्द्रियहरूको प्रशिक्षणसँग सम्बन्धित हुन्छ । सामुदायिक र संस्थागत विद्यालयका दुवै प्र.अ. र शिक्षकलाई दिग्दर्शनमा तोकिएका मानसिक विकास गराउने क्रियाकलापहरू कार्यान्वयनको स्थितिबारे सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफहरू निम्नानुसार दिएका थिए :

तालिका ४.६

**प्रारम्भिक बालविकास पाठ्यक्रमको मानसिक विकास गराउने क्रियाकलापको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| -सोच्ने क्षमताको विकास गराउने<br>-ध्यानपूर्वक सुन्ने<br>-सिर्जनात्मकता र उत्सुकता देखाउने<br>-भाषिक ज्ञान दिने<br>-समय र स्थान सम्बन्धी ज्ञान<br>-साधारण कारण सहित फरक बताउन<br>-वस्तुको समानता भिन्नता छुट्याउने<br>-साना ठूला जस्ता धारणाको विकास<br>-साधारण कारण सहित फरक छुट्याउने | - रङ्ग, आकार, स्वाद, स्पर्श, सुनाइ सम्बन्धी क्रियाकलाप गराउने<br>- ध्यानपूर्वक सुन्ने<br>- सृजनात्मक क्षमताको विकास गराउने<br>- समय सम्बन्धी ज्ञान<br>- विषयगत ज्ञान दिने<br>- सीपको विकास गराउने | - रङ्ग, आकार, स्पर्श, सुन्ने, स्वाद सम्बन्धी क्रियाकलाप गराउने<br>- ध्यानपूर्वक सुन्ने<br>- सृजनात्मक क्षमताको विकास गराउने<br>- समय सम्बन्धी ज्ञान दिने<br>- विषयगत ज्ञान दिने |

स्रोतः प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन २०६७।

माथि उल्लिखित तालिकालाई विश्लेषणात्मक अध्ययन गर्दा पूर्व प्राथमिक तहको दिग्दर्शनले तोकेका उद्देश्यहरू कार्यान्वयन सम्बन्धमा अध्ययन गर्दा तोकिएका ९ वटा मानसिक विकास गराउने क्रियाकलापमध्ये सामुदायिक विद्यालयले ६ वटा पूर्ण रूपमा कार्यान्वयन गरेको, ३ वटा क्रियाकलापलाई वास्ता नै नगरिएको र संस्थागत विद्यालयले ५ वटा पूर्ण रूपमा कार्यान्वयन गरेको र ४ वटा क्रियाकलापलाई समावेश नै नगरिएको पाइयो । किन दिग्दर्शनले निर्दिष्ट गरे अनुसारका सम्पूर्ण क्रियाकलापलाई समावेश नगरिएको हो भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ. र शिक्षकले विषयगततालाई बढी जोड दिनुपर्ने भन्ने अभिभावकहरूको सुझाव एवं समय अभावका कारण दिग्दर्शनले निर्दिष्ट गरेका सबै क्रियाकलापहरूलाई समेट्न नसकिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । मानसिक विकास गराउन दुवै विद्यालयहरूमा बालबालिकाको ज्ञानेन्द्रियलाई प्रशिक्षित गराई रङ्ग, आकार, साइज, ध्वनि, स्वाद, गन्ध र स्पर्श सम्बन्धी चेतनाको विकास गराउन रङ्गीन कागज, तातो चिसो पानी, टि.भी., रेडियाको आवाज, साना साना माटाका भाँडा जस्ता सामग्रीको प्रयोग गरिएको दुवै विद्यालयका प्र.अ. र शिक्षकले जानकारी दिए । प्रदर्शन छलफल, प्रश्नोत्तर, नाटकीय विधिको प्रयोग गर्दै

मानसिक विकास गराउने क्रियाकलाप दुवै विद्यालयले गराएको अवलोकनको क्रममा पाइए तापनि संस्थागतको तुलनामा सामुदायिक विद्यालयको क्रियाकलाप व्यवस्थित रहेको पाइयो ।

### ४.१.४.४ संवेगात्मक पक्षको विकास

संवेग भावनात्मक अनुभवहरू हुन् जुन अनुभवहरूले मानिसलाई मानसिक गति प्रदान गर्दछ । सामुदायिक र संस्थागत दुवै विद्यालयका प्र.अ.हरू र २ जना शिक्षकलाई दिग्दर्शनमा तोकिएका संवेगात्मक विकास गराउने क्रियाकलापको कार्यान्वयन के कसरी गरिएको छ भनी सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफ उनीहरूले निम्नानुसार दिएका थिए :

**तालिका नं ४.७**

**प्रारम्भिक बालविकास पाठ्यक्रमको संवेगात्मक विकास गराउने क्रियाकलापको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| - उचित स्थानमा उचित संवेग प्रकट गर्ने<br>- आफ्नो कुरा राख्ने अरूको कुरा सुन्ने<br>- मातृत्वको भावना जगाउने<br>- सकारात्मक सोचको विकास<br>- सुरक्षा र स्वतन्त्रताको<br>- अनुभूति दिने<br>- संयमित रहन सक्ने | - संवेगलाई नियन्त्रण गर्न सक्ने<br>- आफ्ना कुरा राख्ने र अरूको सुन्ने<br>- माया ममता देखाउने क्रियाकलाप गराउन<br>- संयमित रहन सिकाउने क्रियाकलाप गर्ने | - संवेगलाई उचित स्थानमा प्रयोग गर्ने<br>- आफ्ना कुरा सुनाउने अरूका कुरा सुन्ने<br>- सुरक्षाको अनुभूति दिने |

स्रोतः प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन २०६७ ।

माथिको तालिकालाई विश्लेषणात्मक रूपमा अध्ययन गर्दा पूर्व प्राथमिक तहको दिग्दर्शनले तोकेका संवेगात्मक विकास गराउने क्रियाकलापहरू कार्यान्वयन सम्बन्धमा अध्ययन गर्दा तोकिएका ६ वटा क्रियाकलापहरू मध्ये सामुदायिक विद्यालयले ४ वटा पूर्ण रूपमा कार्यान्वयन गरिएको २ वटा क्रियाकलापलाई महत्व नदिएको त्यस्तै संस्थागत विद्यालयले ३ वटा क्रियाकलाप पूर्ण रूपमा दिग्दर्शनको अनुसार कार्यान्वयन गरेको र ३ वटा क्रियाकलापलाई वास्तै नगरिएको पाइयो । दिग्दर्शनले निर्दिष्ट गरेका सबै क्रियाकलापहरू किन नसमेटिएको हो भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ., शिक्षकहरूले विषयगत ज्ञानलाई जोड दिनुपर्ने हुनाले सबै क्रियाकलापहरूलाई नसमेटिएको हो ! भन्ने प्रतिक्रिया दिएका थिए ।

प्रारम्भिक बालविकास दिग्दर्शनले सुरक्षा र स्वतन्त्रताको अनुभूति दिने,  भातृत्वको भावना जगाउने, सकारात्मक सोचेको विकास गराउने, उचित स्थनमा उचित संवेग प्रकट गर्ने, संयमित रहने जस्ता क्रियाकलाप गराउन निर्दिष्ट गरेको पाइयो । यस्ता क्रियाकलाप दुबै विद्यालयमा संवेग देखाउने चित्र, खेलौना र अन्य दृश्य सामग्रीको प्रयोग गरी स्वतन्त्र रूपमा विभिन्न क्रियाकलाप गर्न दिने, माया, ममता, समान व्यवहार गरी प्रशंसा र पुरस्कार प्रदान गर्दै गराउने गरेको अवलोकनका क्रममा पाइयो । बालबालिकाहरूमा संवेगात्मक विकासमा सकारात्मक परिवर्तन आएको अभिभावकहरूले प्रतिक्रिया दिएका थिए ।

### ४.१.५ मूल्याङ्कन प्रविधि

बालबालिकाहरूको विकासको गति र यथास्थितिको अवस्था थाहा पाउन मूल्याङ्कन गरिनु नितान्त आवश्यक छ । दिग्दर्शनमा प्राथमिक तहका लागि उद्धेश्य, विषयवस्तु, शैक्षिक सामग्री, सिकाइ क्रियाकलाप अनुसार निश्चित मूल्याङ्कन प्रविधि पनि निर्दिष्ट गरिएको छ । ती मूल्याङ्कन प्रविधिहरू सामुदायिक र संस्थागत विद्यालयहरूले के कसरी कार्यान्वयन गरिरहेका छन् भनी दुवै विद्यालयका प्र.अ. र शिक्षकहरूलाई सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफ निम्नानुसार थिए ।

**तालिका नं. ४.८**

**प्रारम्भिक बालविकास पाठ्यक्रमको मूल्याङ्कन प्रविधिको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बाल विकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| - निरन्तर मूल्याङ्कन (अवलोकन, व्यक्तिगत अभिलेख)<br>- उपलब्धि जाँच (लिखित परीक्षा लिएर)<br>- मौखिक परिक्षा<br>- सामूहिक सहभागिता र छलफल गराएर | - निरन्तर मूल्याङ्कन (अवलोकन, खेल)<br>- उपलब्धि मूल्याङ्कन (गृहकार्य, कक्षाकार्य)<br>- आवधिक मूल्याङ्कन (त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाहरू लिएर)<br>- मौखिक परीक्षा<br>- उदारकक्षोन्नति | - आवधिक मूल्याङ्कन (त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाहरू लिएर) |

स्रोतः प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थगलत अध्ययन २०६७ ।

माथिको तालिकालाई अध्ययन गर्दा पूर्व प्राथमिक तहका दिग्दर्शनले निरन्तर मूल्याङ्कनलाई जोड दिँदै तोकिएका ४ मूल्याङ्कन प्रविधिहरू मध्ये सामुदायिक विद्यालयले ३ वटा मूल्याङ्कन प्रविधिलाई पूर्ण, एउटालाई आवश्यक सहज बनाई र एउटा मूल्याङ्कन प्रविधिलाई थप गरी कार्यान्वयन गरिएको पाइयो । किन मूल्याङ्कन प्रविधि थप र परिमार्जन गरिएको हो ? भन्ने प्रश्नको जवाफमा पहिलो देखि नै

यही मूल्याङ्कन प्रविधिलाई अपनाइएको, अभिभावकले पनि आफ्ना बालबालिकाको मूल्याङ्कन स्तर निर्धारण (प्रथम, द्वितीय, उत्तीर्ण, अनुत्तीर्ण) गरी छुट्याउनु पर्ने र नेपाल सरकारले अवलम्बन गरेको उदार कक्षोन्नति (L.P.P) लाई पनि मान्नु पर्ने भएकोले आवश्यक परिमार्जन र थप मूल्याङ्कन प्रविधिको व्यवस्था गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । संस्थागत विद्यालयले एउटा मूल्याङ्कन प्रविधिलाई मात्र कार्यान्वयन गरिएको र ३ वटा मूल्याङ्कन प्रविधिलाई वास्ता नै नगरिएको पाइयो । निरन्तर मूल्याङ्कनलाई किन प्रयोग नगरिएको भन्ने प्रश्नको जवाफमा संस्थागत विद्यालयका प्र.अ. र शिक्षकले निरन्तर मूल्याङ्कन प्रणाली झन्झटिलो हुने र स्तर निर्धारण गरी बालबालिकालाई कक्षा चढाउनु पर्ने कुरामा जोड दिनुपर्ने अभिभावकहरूको सुझावको कारणले गर्दा आवधिक मूल्याङ्कन प्रविधिलाई मात्र कार्यान्वयन गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कन प्रविधिलाई तुलना गर्दा संस्थागतको भन्दा सामुदायिक विद्यालयको राम्रो पाउन सकिन्छ जहाँ बालबालिकाको सूक्ष्म रूपमा सम्पूर्ण पक्षको लेखाजोखा गर्न निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कनलाई कार्यान्वयन गरिएको पाइयो ।

## ४.२ पाठ्यक्रमको कार्यान्वयन गर्दा भोग्नुपरेका समस्या र अपनाइएका समाधानका उपायहरूको विवरण

पाठ्यक्रमको कार्यान्वयन पक्ष अत्यन्त संवेदनशील, चुनौतिपूर्ण र जटिल हुन्छ । सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा भोग्नु परेका समस्या र अपनाइएका समाधानका उपायहरू निम्नानुसार प्राप्त भएका थिए :

### ४.२.१ पाठ्यक्रमको कार्यान्वयन गर्दा भोग्नुपरेका समस्या विवरण

दुवै विद्यालयमा २ जना प्र.अ. र २ जना शिक्षकलाई पाठ्यक्रमको कार्यान्वयन गर्दा के कस्ता समस्या भोग्नु परेका छन् भनी सोधिएका प्रश्नका प्रतिक्रियात्मक जवाफहरू निम्नानुसार थिए :

**तालिका ४.९**

**सामुदायिक र संस्थागत विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनमा भोग्नु परेका समस्या विवरण**

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|
| - पर्याप्त/उपयुक्त फर्निचर नहुनु<br>- खेल सामाग्री र मैदानको अभाव<br>- निरीक्षण र अनुगमनको अभाव<br>- पाठ्यक्रम कार्यान्वयनको अवधि स्पष्ट नहुन<br>- समन्वय र समझदारीको अभाव<br>- उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव<br>- शिक्षकको पारिश्रमिक न्यून | - पर्याप्त/उपयुक्त फर्निचर नहुनु<br>- खेल, मैदानको अभाव<br>- निरीक्षण अनुगमनको अभाव<br>- पाठ्यक्रम कार्यान्वयनको अवधि स्पष्ट नहुनु<br>- समन्वय र समझदारीको अभाव<br>- उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव<br>- तालिम प्राप्त शिक्षकको अभाव<br>- उपयुक्त कक्षाकोठाको अभाव |

स्रोतः विद्यालय स्थलगत अध्ययन, २०६७ ।

### १. उपयुक्त/पर्याप्त फर्निचर नहुनु

पूर्व प्राथमिक तहका लागि उनीहरूको उमेर सुहाउँदो स-साना बेन्च टेबल, मेच जस्ता फर्निचरको आवश्यकता पर्छ । दुवै विद्यालयमा पाठ्यक्रमको कार्यान्वयनमा आइपरेको समस्या उपयुक्त र पर्याप्त फर्निचरको व्यवस्था नहुनु हो भन्ने प्रतिक्रिया दुवै प्र.अ.ले दिएका थिए । सामुदायिक विद्यालयमा उपयुक्त फर्निचर रहे पनि विद्यार्थीको बढ्दो चापले पर्याप्त नभएको जानकारी प्र.अ.ले दिएका थिए । संस्थागत विद्यालयको कक्षाकोठामा फर्निचर पर्याप्त र कमसल थिए । विद्यालयको आर्थिक स्रोतको अभावले अनुपयुक्त र कमसल फर्निचर रहेको संस्थागत विद्यालयका प्र.अ.ले जानकारी दिए ।

सामुदायिक विद्यालयमा स-साना टेबल, कुर्सी, कालोपाटी र शैक्षिक सामग्री व्यवस्थित रूपमा राखिएको ठूलो कक्षाकोठामा सिकाइ कुनाको पनि व्यवस्था गरिएको थियो । कोठाको एक साइडमा बाक्लो कार्पेटको व्यवस्था थियो । जहाँ बालबालिकाहरू स्वतन्त्रपूर्वक क्रियाकलाप गरी रहेको अवलोकनको क्रममा पाइयो । संस्थागत विद्यालयमा केही बेन्चहरू मिलाएर राखिएको थियो । त्यही बेञ्चमा बसी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुँदा बालबालिकालाई स्वतन्त्रपूर्वक क्रियाकलाप सञ्चालन गर्न समस्या उत्पन्न भएको अवलोकनको क्रममा पाइयो ।

### २. खेल सामग्री र मैदानको अभाव

पूर्व प्राथमिक तहका बालबालिकालाई शिक्षण गराउने विधि खेल विधि भएकोले खेल सामग्री र मैदानको उचित व्यवस्था हुनुपर्दछ । दुवै विद्यालयमा खेल सामग्री र मैदानको अभाव सम्बन्धी समस्या रहेको दुवै प्र.अ.ले प्रतिक्रिया दिएका थिए । खेल सामग्री र मैदानको के, कस्तो अभाव रहेको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका प्र.अ.ले खेल सामग्री र मैदान भए पनि व्यवस्थित नभएको र माथिल्लो कक्षाका विद्यार्थीले पनि खेल्ने हुँदा समस्या रहेको प्रतिक्रिया दिएका थिए भने संस्थागत विद्यालयका प्र.अ.ले आफ्नो विद्यालयमा खेल सामग्री धेरै भए पनि मैदान सानो हुँदा बालबालिकालाई स्वतन्त्रपूर्वक क्रियाकलाप गर्न समस्या उत्पन्न भएको प्रतिक्रिया दिएका थिए ।

सामुदायिक विद्यालयमा ठूलो खेल मैदान रहे पनि पूर्व प्राथमिक तहका बालबालिकालाई मात्र प्रयोग नगरी सबै तहका बालबालिकाले प्रयोग गर्ने गरेको एवम् संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहका बालबालिकाले मात्र प्रयोग गर्ने तर खेलमैदान सानो रहेको र खेल सामग्री सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा बढी रहेको अवलोकनको क्रममा पाइयो ।

### ३. निरीक्षण र अनुगमनको अभाव

पाठ्यक्रम कार्यान्वयन गर्दा दुवै विद्यालयमा आइपरेको अर्को समस्या निरीक्षण र अनुगमनको अभाव रहेको दुवै विद्यालयका शिक्षकहरूले जानकारी दिएका थिए । विद्यालयको भौतिक, शैक्षिक अवस्था कस्तो छ ? शिक्षकको उपस्थिति कस्तो छ ? बालबालिकालाई सिकाइ गर्न उपयुक्त वातावरण छ कि छैन ? पाठ्यक्रमको कार्यान्वयन कसरी भएको छ ? समस्याको समाधान कसरी गर्न सकिन्छ

भनी समय समयमा निरीक्षण र अनुगमन गरिनु पर्नेमा सम्बन्धित निकायले निरीक्षण अनुगमन नगरिँदा पाठ्यक्रम कार्यान्वयनमा समस्या आई परेको शिक्षकहरूले प्रतिक्रिया दिएका थिए ।

छनौटमा परेका दुवै विद्यालयमा कम निरीक्षण र अनुगमन हुँदा यस तहको शैक्षिक कार्यक्रम अगाडि बढ्न नै समस्या उत्पन्न भएको अवलोकनको क्रममा पाइयो । पूर्व प्राथमिक तह सञ्चालन गर्न चाहिने सामग्रीको अभाव भएको हुँदा यहाँ निरीक्षण र अनुगमनको अभाव रहेको थाहा हुन्छ ।

**४. पाठ्यक्रम कार्यान्वयनको अवधि स्पष्ट नहुनु**

नेपाल सरकारद्वारा निर्माण गरिएको प्रारम्भिक बालविकास दिग्दर्शनको कार्यान्वयनको अवधि कति हो भन्ने स्पष्ट भएको पाइँदैन । यस तहमा ३, ४, ५ वर्षका बालबालिकाहरू भर्ना हुने गर्दछन् । ५ वर्षका बालबालिकाहरूलाई एक वर्षमा नै उक्त पाठ्यक्रमले निर्दिष्ट गरे वमोजिम क्रियाकलापमा सहभागी गराएर अर्को वर्षमा कक्षा चढाउनुपर्दछ तर तिनै बालबालिकासँगै भर्ना भएका केही बालबालिका २, ३ वर्ष सम्म त्यही तहमा बस्नुपर्छ तसर्थ कम उमेरका बालबालिकाका लागि उक्त पाठ्यक्रम १, २, ३ कति वर्षमा पूरा गर्नु पर्ने हो भन्ने स्पष्ट नभएकाले पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको दुवै विद्यालयका प्र.अ. र शिक्षकले प्रतिक्रिया दिएका थिए । नेपाल सरकारद्वारा निर्माण गरिएको दिग्दर्शन कुन उमेरका बालबालिकालाई कति वर्षमा पूरा गर्नुपर्ने हो भन्ने नेपाल सरकारले निर्धारण गरिदिनुपर्दछ जसले पाठ्यक्रम कार्यान्वयनमा सहजता  ल्याउँछ ।

**५. समन्वय र समझदारीको अभाव**

सामुदायिक विद्यालयमा सक्रिय रूपमा अभिभावक विद्यालयमा उपस्थित नहुनु, प्र.अ., शिक्षक, व्यवस्थापकीय पक्ष, अभिभावक बीच छलफल नहुनु जस्ता समस्या रहेको उक्त विद्यालयका प्र.अ. र शिक्षकहरूले प्रतिक्रिया दिएका थिए । संस्थागत विद्यालयमा पनि प्र.अ. शिक्षक, अभिभावक बीच छलफल नुहनु एवं शिक्षकका समस्या नबुझिएकाले समन्वय र समझदारीको अभाव रहेको उक्त विद्यालयका शिक्षकले प्रतिक्रिया दिएका थिए ।

**६. उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव**

दुवै विद्यालयमा मूल्याङ्कन प्रविधि सम्बन्धी समस्या रहेको अध्ययनको क्रममा पाइयो । मूल्याङ्कन प्रविधि सम्बन्धी के, के समस्या छन् भन्ने प्रश्नको जवाफमा समुदायिक विद्यालयमा आवधिक र निरन्तर मूल्याङ्कनको कुल अङ्कको योगबाट स्तर छुट्याइ बालबालिकालाई कक्षा चढाउनेसाथै उदार कक्षोन्नति मार्फत पनि मूल्याङ्कन गरिने गरेको सामुदायिक विद्यालयका प्र.अ. ले प्रतिक्रिया दिएका थिए । संस्थागत विद्यालयले निरन्तर मूल्याङ्कन प्रविधिलाई झन्झटिलो मानी आवधिक परीक्षा प्रणालीबाट स्तर निर्धारण गरी मूल्याङ्कन गरिएको पाइयो जसले गर्दा संस्थागत विद्यालयको बालबालिकाको मूल्याङ्कन दिग्दर्शनले तोकेजस्तो पाइएन ।

पूर्व प्राथमिक तहमा मूल्याङ्कन निरन्तर रूपमा गरिनुपर्दछ जसका लागि अवलोकन, व्यक्तिगत अभिलेख राख्नुपर्ने हुन्छ । बालबालिकाको उपलब्धि जाँच लिन लिखित परीक्षा भाषिक सीपको मापन गर्न मौखिक परीक्षा लिने साथै सामूहिक छलफल गराएर पनि उनीहरूको मूल्याङ्कन गर्न सकिन्छ ।

### ७. शिक्षकको पारिश्रमिक न्यून

सामुदायिक विद्यालयको पूर्वप्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई नेपाल सरकारले मासिक १५ सय पारिश्रमिकको व्यवस्था गरेको र विद्यालयको आर्थिक स्रोतबाट २ हजार थप गरी मासिक ३५ सय पारिश्रमिकको व्यवस्था गरिएको जानकारी सामूदायिक विद्यालयका प्र.अ.ले दिएका थिए । दिनको ५/६ घण्टा काम गर्दा न्यून पारिश्रमिक पाउने हुँदा पाठ्यक्रमको प्रभावकारी कार्यान्वियन गर्न, सामग्री निर्माण र सङ्कलन गर्न, थप अध्ययन गर्ने कार्यमा कम चासो लाग्ने गरेको शिक्षकले जानकारी दिए जसले पाठ्यक्रमको कार्यन्वयनमा समस्या उत्पन्न भएको छ । पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकले धेरै परिश्रम खर्च गर्नुपर्ने हुन्छ तर परिश्रम अनुसार पारिश्रमिक तथा सेवा सुविधा नपाउँदा सामदायिक विद्यालयका शिक्षक आफ्नो पेसाप्रति सन्तुष्ट नभएको देखिन्छ । तसर्थ उनीहरूलाई परिश्रम अनुसारको पारिश्रमिक तथा सेवा सुविधा (सञ्चय कोष, उपादान, विदा) प्रदान गर्न सकेमा उनीहरू पेसाप्रति आकर्षित हुन सक्दछन् ।

### ८. तालिम प्राप्त शिक्षकको अभाव

बालमनोभावना बुझी शिक्षण गर्न तालिमको आवश्यकता पर्दछ । संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकले हाल सम्म कुनै तालिम नलिएकाले पाठ्यक्रमको कार्यान्वयनमा समस्या उत्पन्न भएको जानकारी शिक्षकले दिएका थिए ।

### ९. उपयुक्त कक्षाकोठाको अभाव

फराकिलो, हावा र प्रकाश आउने, सिकाइका कुनाको व्यवस्था भएको कक्षाकोठा पूर्व प्राथमिक तहका लागि उपयुक्त हुन्छ । संस्थागत विद्यालयमा भोग्नुपरेको अर्को समस्या उपयुक्त कक्षाकोठाको अभाव रहनु हो । कुल २२ जना विद्यार्थी रहेको संस्थागत विद्यालयको कक्षाकोठा सानो भएकाले गर्दा बालबालिकालाई स्वतन्त्र रूपमा पढ्न र क्रियाकलाप गर्न समस्या रहेको र यसले पाठ्यक्रम कार्यान्वयनमा बाधा पुऱ्याएको जानकारी प्र.अ. र शिक्षकले दिएका थिए । आर्थिक स्रोतको अभावले ठूलो कक्षाकोठाको अभाव रहेको प्रतिक्रिया संस्थागत विद्यालयका प्र.अ.ले दिएका थिए ।

### ४.२.२ पाठ्यक्रमको कार्यन्वयनमा अपनाइएका समाधानका उपायहरूको विवरण

सामुदायिक र संस्थागत विद्यालयमा प्र.अ.हरू र शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्या समाधान गर्न के के उपायहरू अपनाइएका थिए भनी सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफहरू निम्नानुसार थिए :

### तालिका ४.१०

### सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनमा अपनायएका समस्या समाधानका उपायहरूको स्थिति विवरण

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|
| - शिक्षकलाई तालिमको व्यवस्था | - शिक्षकलाई तालिमको व्यवस्था |
| - खेल र शैक्षिक सामग्रीको उपलब्धता | - खेल र शैक्षिक सामग्रीको उपलब्धता |
| - निरीक्षण र अनुगमनमा वृद्धि | - निरीक्षण र अनुगमनमा वृद्धि |
| - भौतिक सुविधामा वृद्धि | - भौतिक सुविधामा वृद्धि |
| - कक्षा शिक्षणको व्यवस्था | - कक्षा शिक्षणको व्यवस्था |
| - पारिश्रमिक र सेवा सुविधामा वृद्धि | |

स्रोतः विद्यालय स्थलगत अध्ययन, २०६६ ।

**१. शिक्षकलाई तालिमको व्यवस्था**

तालिम प्राप्त शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी रूपमा सञ्चालन गर्न सक्दछ । शिक्षकलाई तालिमको व्यवस्था गरिएको छ भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका प्र.अ.ले नेपाल सरकारको सहयोगमा आयोजित आधारभूत तालिम र स्रोत केन्द्रबाट सञ्चालित पूर्व प्राथमिक तहको तालिम विशेषमा पनि सहभागी गराइएको प्रतिक्रिया दिएका थिए । संस्थागत विद्यालयले पनि धापासी गा.वि.स. भित्र रहेका सामुदायिक विद्यालयसँग समन्वय गरी पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरूलाई केही समयभित्रै तालिम उपलब्ध गराउने जानकारी दिएका थिए ।

**२. खेल र शैक्षिक सामग्रीको उपलब्धता**

दुवै विद्यालयमा खेल र शैक्षिक सामग्री रहे पनि विद्यार्थीको सङ्ख्या अनुसार पर्याप्त नभएको रहेको अध्ययनको क्रममा पाइएको थियो । खेल र शैक्षिक सामग्रीको समस्यालाई कसरी समाधान गर्नु भएको छ भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ.हरूले विद्यालयको आर्थिक स्रोत जुटाएर विद्यार्थीको चापलाई हेरी खेल र शैक्षिक सामग्री गरिद गर्ने प्रतिक्रिया दिएका थिए ।

**३. निरीक्षण र अनुगमनमा वृद्धि**

पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्यालाई समाधान गर्न निरीक्षण र अनुगमनलाई वृद्धि गर्नु नितान्त आवश्यक छ । पाठ्यक्रमको कार्यान्वयन, भौतिक, शैक्षिक अवस्था, शिक्षकको क्रियाकलाप आदि पक्षको निरीक्षण र अनुगमनमा वृद्धि गरी सहयोग सुझाव र आवश्यक निर्देशनमा वृद्धि गरिने प्रतिक्रिया दुवै विद्यालयका प्र.अ.ले दिएका थिए । विद्यालयका प्र.अ., स्रोत व्यक्तिहरूले समय समयमा निरीक्षण र अनुगमन गरिनुपर्दछ जसले गर्दा यस तहको शिक्षण सिकाइ प्रभावकारी हुन सक्छ ।

### ४. भौतिक सुविधामा सुधार

भौतिक सुविधा सम्पन्न स्थानमा मात्र पूर्व प्राथमिक तहका बालबालिकाहरूलाई शिक्षण गर्न सरल हुन्छ । संस्थागत विद्यालयमा यस तहका लागि पाठ्यक्रमले तोकेअनुसार सुविधायुक्त कक्षाकोठा, फर्निचर, सिकाइका कुना, खेल सामग्री र मैदान निर्माण गराउँदै गरेको संस्थागत विद्यालयका प्र.अ.ले जानकारी दिए । सामुदायिक विद्यालयले बालबालिकाको बढ्दो चापलाई पुग्ने गरी नयाँ शैक्षिक सत्रदेखि भौतिक सुविधामा सुधार गर्दै जाने योजना रहेको विद्यालयका प्र.अ. ले दिएका थिए ।

### ५. समन्वय र समझदारी विकास

प्र.अ., शिक्षक, व्यवस्थापकीय पक्ष, अभिभावक बीचमा समन्वय र समझदारी हुनुपर्दछ । दुवै विद्यालयमा कहिले काहिँ छलफल हुने गरेको र आगामी दिनमा छलफलमा तिव्रता ल्याइ समन्वयन र समझदारीको विकास गराउने प्रतिक्रिया दुवै विद्यालयका प्र.अ.हरूले दिएका थिए ।

### ६. कक्षा शिक्षणको अवस्था

पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई तालिम दिएर सामुदायिक विद्यालयमा कक्षा शिक्षणबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरिएको सामुदायिक विद्यालयका प्र.अ. ले जानकारी दिए । संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई तालिम उपलब्ध गराई अबको नयाँ शैक्षिक सत्रदेखि कक्षा शिक्षणको व्यवस्था गरिने प्रतिक्रिया संस्थागत विद्यालयका प्र.अ.ले दिएका थिए ।

### ७. पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि

शिक्षकलाई पेसाप्रति सन्तुष्टि प्रदान गर्न उचित पारिश्रमिक तथा सेवा सुविधाको व्यवस्था गर्नुपर्छ । सामुदायिक विद्यालयमा पारिश्रमिक सम्बन्धी समस्या रहेको पाइएको थियो । अब नयाँ शैक्षिक सत्रदेखि विद्यालयको स्रोतबाट पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि गरिने जानकारी दिएका थिए । विद्यालयको स्रोतबाट मासिक तलबमा वृद्धि गर्ने, सञ्चयकोष खडा गरी यस तहमा शिक्षण गराउने शिक्षकलाई पारिश्रमिक तथा सेवा सुविधामा सन्तुष्ट बनाउने योजना रहेको सामुदायिक विद्यालयका प्र.अ. ले जानकारी दिए ।

# अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ प्राप्तिहरू

यो अध्ययन काठमाडौँ जिल्ला धापासी गा.वि.स भित्र दुईवटा प्रारम्भिक बालविकास कक्षा सञ्चालन गरेका विद्यालयमा गरिएको थियो । सङ्कलित सूचनाको विश्लेषणका आधारमा निम्नानुसारका प्राप्तिहरू पाइएका थिए :

**उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शैक्षिक क्रियाकलाप, मूल्याङ्कन प्रविधि**

**उद्देश्य :**

- प्रारम्भिक बालविकास दिग्दर्शनले प्रारम्भिक उद्देश्य बालविकास तहको लागि जम्मा ५ वटा शैक्षिक उद्देश्य निर्दिष्ट गरेकामा सामुदायिक विद्यालयले ३ वटा उद्देश्यलाई पूर्ण २ वटा उद्देश्यलाई आवश्यक परिमार्जन गरी साथै संस्थागत विद्यालयले २ वटा पूर्ण, २ वटा उद्देश्यलाई लाई बनाइ र एउटा उद्देश्यलाई पूर्ण रूपमा वेवास्ता गरेको पाइयो ।
- संस्थागत विद्यालयले विषयगतलाई जोड दिए पनि सामुदायिक विद्यालयले दिग्दर्शनका उद्देश्यलाई जोड दिएको पाइयो ।

**विषयवस्तुः**

- दिग्दर्शनले विकासात्मक र विषयगत सिकाइ क्षेत्र गरी कुल ९ वटा विषयहरू समेटिएकोमा समुदायिक विद्यालयले ८ वटा विषयवस्तु पूर्ण एउटालाई परिमार्जन र थप एक विषयवस्तु समेटेको र संस्थागतले ८ वटा पूर्ण, एउटा विषयवस्तु आवश्यक परिमार्जन गरेको पाइयो ।
- अङ्ग्रेजी विषयमा बालबालिकालाई बढी ज्ञान दिन दुवै विद्यालयहरूमा अङ्ग्रेजी विषयका विषयवस्तु पनि दिइएको पाइयो ।
- दुवै विद्यालयहरूले यस तहका बालबिकासहरूलाई विद्यालयको समय तालिका अनुसार, सिकाउने, खेलाउने, शौचालय गराउने, खाजा खुवाउने जस्ता क्रियाकलापहरू गराइएको पाइयो ।
- सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास पाठ्यक्रम (दिग्दर्शन) र जाइका नेपालको सुझावअनुसार विषयवस्तु राखिएको र पाठ्यपुस्तक अनिवार्य नबनाएको पाइयो भने संस्थागत विद्यालयले दिग्दर्शनले तोकेका विषयवस्तुलाई समेटे पनि विषयगत ज्ञान दिन अनिवार्य पाठ्यपुस्तक राखी किताबी ज्ञानलाई मात्र बढी जोड दिइएको पाइयो ।

**शैक्षिक सामग्री :**

- सामुदायिक विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको कक्षा कोठा ठूलो भएकाले सम्पूर्ण शैक्षिक सामग्री कक्षा कोठामा नै मिलाएर राखिएको र बालबालिकाले त्यहीं बसी स्वतन्त्रपूर्वक सामग्रीको प्रयोग गरेको पाइयो भने संस्थागत विद्यालयको कक्षाकोठा सानो हुँदा शैक्षिक सामग्री छुट्टै मन्टेश्वरी ल्याबमा राख्ने र शिक्षक आफैले प्रयोग गरी देखाउने गरेको पाइयो ।
- दिग्दर्शनले स्थानीय स्तरमा उपलब्ध सामग्रीलाई जोड दिएको र दुवै विद्यालयहरूमा स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री बढी रहेको अवलोकनमा पाइयो ।

**शैक्षिक क्रियाकलाप :**

- दिग्दर्शनले सामाजिक, मानसिक, शारीरिक, संवेगात्मक क्रियाकलापमा विशेष जोड दिएको र दुवै विद्यालयहरूले यस्ता क्रियाकलापहरू गराउने गरेको पाइयो ।
- शारीरिक विकास क्रियाकलाप गराउन डोरी, सिठी, लठ्ठी, बल, मादल, ढुङ्गा, पिङ्ग, काठका ब्लक जस्ता सामग्रीहरू प्रयोग गरी खेल, अभिनय प्रदर्शन विधिहरूको प्रयोग गरिएको पाइयो ।
- तुलनात्मक रूपमा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा शारीरिक क्रियाकलाप बढी गराए पनि संस्थागत विद्यालयमा खेल सामग्रीहरू बढी रहेको पाइयो ।
- दिग्दर्शनले सामाजिक विकास गराउन सामाजिक मूल्य मान्यता संस्कृतिको ज्ञान लिने, सहयोगी, सत्यता, मिलनसार आचरणको विकास गराउने, ठिक बेठिक छुट्टयाई निर्णय लिन र दिन सक्ने, समस्या पर्दा सोच्न सक्ने कियाकलाप गराउन निर्दिष्ट गरेको छ जुन क्रियाकलापहरू दुवै विद्यालयमा भए पनि संस्थागतको तुलनात्मक सामुदायिक विद्यालयमा बढी गरेको पाइयो ।
- सामाजिक पक्षको विकास गराउने, क्रियाकलापहरू सञ्चालन गर्न स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको प्रयोग गरेर समस्या समाधान, छलफल, प्रश्नोत्तर, अभिनय विधिको उपयोग दुवै विद्यालयले गर्ने गरेको पाइयो ।
- अभिभावकहरूले पनि आफ्ना सन्तानहरू घरपरिवारमा मिलेर समूहमा बस्ने, पालो पर्खने जस्ता बानीमा सकारात्मक परिवर्तन आएको बताएका थिए ।
- मानसिक विकासका लागि दुवै विद्यालयहरूमा गराइएका क्रियाकलापहरूमा ज्ञानेन्द्रियहरूलाई प्रशिक्षण गराई रङ्ग, आकार, साइज, स्वाद, ध्वनि, गन्ध र स्पर्श सम्बन्धी अवधारणा विकास गराउने गरेको पाइयो ।
- मानसिक विकास गराउने क्रियाकलाप दुवै विद्यालयले गरे तापनि संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयमा क्रियाकलाप राम्रोसँग भएको पाइयो ।

- मानसिक पक्षको विकास गराउन दुवै विद्यालयमा रंङ्गीन कपडा र कागजका टुक्रा, काठका ब्लक, साना ठूला आकारका बल, आवाज, सुनाउने साधन, जस्ता सामग्रीको प्रयोग गरी क्रियाकलाप गराएको पाइयो ।

- दिग्दर्शनले सुरक्षा र स्वतन्त्रताको अनुभूति दिने, भातृत्वको भावना जगाउने, सकारात्मक सोंचको विकास गराउने ,उचित स्थानमा उचित संवेग प्रकट गर्ने संयमित रहने जस्ता क्रियाकलाप गराउन निर्दिष्ट गरेको छ । दुवै विद्यालयहरूले यस्ता क्रियाकलाप विभिन्न संवेग देखाउने चित्र, खेलौना, अन्य दृश्य, अन्तर्गत टेलिभिजनको प्रयोग गरी क्रियाकलाप गरेको पाइयो ।

- संवेगात्मक अभिव्यक्तिको नक्कल गराउने, स्वतन्त्र रूपमा विभिन्न क्रियाकलाप गर्न लगाउने, माया, प्रेम, समान व्यवहार तथा मनका कुराहरू अभिव्यक्त गर्ने अभ्यास गराउने राम्रो काम गर्दा प्रशंसा र पुरस्कार प्रदान गरी संवेग व्यक्त गराउने जस्ता अभ्यास दुवै विद्यालयहरूमा गराउने गरेको पाइयो ।

- दुवै विद्यालयहरूका अभिभावकहरूले बालबालिकाहरूको संवेगात्मक विकास सम्बन्धी क्रियाकलापहरूबाट उनीहरूको व्यवहारमा सकारात्मक परिवर्तन आएको प्रतिक्रिया दिएको पाइयो ।

**मूल्याङ्कन प्रविधि**

- दिग्दर्शनले यस तहका बालबालिकाको निरन्तर मूल्याङ्कन उपलब्धि जाँच, मौखिक परीक्षा, सामूहिक सहभागिता र छलफल गराएर मूल्याङ्कन गर्न निर्धारण गरेको छ ।
- सामुदायिक विद्यालयले दिग्दर्शनले निर्दिष्ट गरे अनुसार एवं उदार कक्षोन्नति मार्फत मूल्याङ्कन प्रविधि अपनाएको पाइयो तर संस्थागत विद्यालयले आवधिक मूल्याङ्कनबाट मात्र बालबालिकाको मूल्याङ्कन गरेको पाइयो ।

**पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरू**

प्र.अ. तथा शिक्षकबाट प्राप्त प्रतिक्रिया अनुसार पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरू,

- सामुदायिक विद्यालयमा उपयुक्त फर्निचर भए पनि विद्यार्थीको बढ्दो चापलाई पुग्ने पर्याप्त फर्निचरको अभाव रहेको र संस्थागत विद्यालयमा उपयुक्त र पर्याप्त फर्निचर आर्थिक स्रोतको अभावले खरिद गर्न नसकिएको विद्यालयका प्र.अ. हरूले जानकारी दिए ।

- सामुदायिक विद्यालयमा ठूलो तर अव्यवस्थित खेल मैदान र संस्थागत विद्यालयमा अत्यन्त सानो खेल मैदान रहेको पाइयो भने सामुदायिक विद्यालयमा पर्याप्त मात्रामा खेल सामग्री अभाव रहेको पाइयो ।

- दुवै विद्यालयहरूमा शैक्षिक, भौतिक अवस्था पाठ्यक्रमको कार्यान्वयन अवस्था, शिक्षकको क्रियाकलाप निरीक्षण र अनुगमनमा अभाव रहेको पाइयो ।
- प्र.अ. व्यवस्थापकीय पक्ष, शिक्षक, अभिभावक बीच दुवै विद्यालयमा समन्वय र समझदारीको अभाव रहेको पाइयो ।
- सामुदायिक विद्यालयले निरन्तर मूल्याङ्कन प्रविधिलाई अपनाए पनि स्तर निर्धारण गरेर र कक्षोन्नति गरी कक्षा चढाउने गरेको र संस्थागत विद्यालयले आवधिक परीक्षाले मात्र मूल्याङ्कन गरेकोले सही मूल्याङ्कन हुन नसक्दा मूल्याङ्कन प्रविधिमा समस्या रहेको पाइयो ।
- परिश्रम अनुसार पारिश्रमिकको व्यवस्था सामुदायिक विद्यालयमा नभएको जानकारी पाइयो ।
- संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षकको अभाव रहेको र बालबालिकालाई उपयुक्त हुने हावा र प्रकाश पर्याप्त आउने सिकाइका कुराको व्यवस्था भएको, क्रसभेन्टिलेसनको राम्रो व्यवस्था भएको कक्षाकोठाको अभाव रहेको पाइयो ।

**पाठ्यक्रम कार्यान्वयनमा अपनाइएका समाधानका उपायहरू**

प्र.अ., शिक्षक, अभिभावकबाट प्राप्त प्रतिक्रिया अनुसार समस्या समाधानका लागि अपनाइएका उपायहरू :

- सहयोगी कार्यकर्तालाई बालबालिकाको मनोभावना बुझ्न सक्ने शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र प्रयोग सम्बन्धी संस्थागत विद्यालयमा तालिमको व्यवस्था गरिने ।
- यस उमेरका बालबालिकाहरू खेलौनाको माध्यमबाट सिक्ने भएकाले दुवै विद्यालयमा पर्याप्त मात्रामा खेल सामग्री खेल मैदानको व्यवस्था गरिने ।
- सम्बन्धित निकायहरूबाट समय समयमा पूर्व प्राथमिक तहको निरीक्षण र अनुगमनमा वृद्धि ।
- आर्थिक स्रोत जुटाई दुवै विद्यालयमा भौतिक सुविधामा सुधार ।
- प्रभावकारी सिकाइ गर्न दुवै विद्यालयहरूमा कक्षा शिक्षणको व्यवस्था ।
- सामुदायिक विद्यालयमा पूर्वप्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई उचित पारिश्रमिक र सेवा सुविधामा वृद्धि ।

**५.२ निष्कर्ष**

सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तह प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम २०६२) को तुलनात्मक अध्ययनबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ :

प्रारम्भिक बालविकास दिग्दर्शनले पूर्व प्राथमिक तहका लागि निश्चित उद्देश्य,विषयवस्तु, शैक्षिक सामग्री, शैक्षिक क्रियाकलाप, मूल्याङ्कन प्रविधि निर्दिष्ट गरेको छ । दिग्दर्शनले निर्दिष्ट गरेको उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शैक्षिक क्रियाकलाप, मूल्याङ्कन प्रविधिलाई संस्थागत विद्यालयको

तुनलामा सामुदायिक विद्यालयले बढी उपयोग गरेको पाइयो । दिग्दर्शनले तोकेका ५ वटा उद्देश्यलाई सामुदायिक विद्यालयले प्रयोग गरेको पाइयो । दुवै विद्यालयमा शैक्षिक सामग्री स्थानीय रूपमा उपलब्ध हुने खालका पाइयो । सामुदायिक विद्यालयले दिग्दर्शनको जस्तो विषयवस्तुलाई जोड दिए पनि संस्थागत विद्यालयले विषयगततालाई बढी जोड दिएको पाइयो । तालिम प्राप्त शिक्षक एवं कक्षा शिक्षणको व्यवस्थाले संस्थागतको तुलनामा सामुदायिक विद्यालयमा शैक्षिक क्रियाकलाप प्रभावकारी र व्यावहारिक रहेको पाइयो । शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास गराउने क्रियाकलाप सामुदायिक विद्यालयले र विषयगत ज्ञान दिने क्रियाकलाप संस्थागत विद्यालयले बढी मात्रामा गरेको पाइयो ।

फर्निचरको अभाव, खेलमैदान र सामग्रीको अभाव, निरीक्षण र अनुगमन नहुनु, समन्वय र समझदारी नहुनु, उपयुक्त मूल्याङ्कन प्रविधिको अभावजस्ता समस्या दुवै विद्यालयमा देखिएका थिए । सामुदायिक विद्यालयका शिक्षकलाई न्यून पारिश्रमिकको समस्या थियो भने संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षकको अभाव, उपयुक्त फर्निचर र कक्षाकोठाको अभाव रहेको थियो । यस्ता समस्या समाधान गर्न दुवै विद्यालयहरूमा शिक्षकलाई तालिम, शैक्षिक, भौतिक सुधार, निरीक्षण र अनुगमनमा वृद्धि, शिक्षक सेवा सुविधामा वृद्धि, कक्षा शिक्षणको व्यवस्था जस्ता कुरामा जोड दिएको जानकारी पाइयो ।

पाठ्यक्रमको प्रभावकारीता, त्यसको कार्यान्वयन पक्षमा निर्भर रहन्छ । नेपाल सरकारद्वारा निर्माण गरिएको पाठ्यक्रमलाई संस्थागतको तुलनामा सामुदायिक विद्यालय (तिलिङ्गटार र उ.मा.वि) ले कार्यान्वयन गरिएको पाइयो । संस्थागत विद्यालय (सप्तगण्डकी आ.मा.वि) ले पनि पाठ्यक्रमका उद्देश्य, विषयवस्तु, कियाकलाप र मूल्याङ्कन प्रविधिलाई पूर्ण रुपमा कार्यान्वयन गरी पूर्व प्राथमिक तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### ५.३ सुझावहरू

**'सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयन अवस्था'** शीर्षकमाथि गरिएको अध्ययनका आधारमा निम्नानुसार सुझावहरू प्रस्तुत गर्नु पर्ने देखिन्छ

- दिग्दर्शनले निर्दिष्ट गरेका शैक्षिक उद्देश्य सामुदायिक विद्यालयले पूर्ण रूपमा अवलम्बन गरेजस्तै संस्थागत विद्यालयले दिग्दर्शनका सबै उद्देश्य अनुरूप शैक्षिक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास पाठ्यक्रमको विषयक्षेत्रलाई आधार मानी सोही बमोजिम व्यावहारिक ज्ञान दिने कुरामा जोड दिएको भए तापनि संस्थागत विद्यालयमा प्रारम्भिक बालविकास पाठ्यक्रम अनुरूप विषयवस्तुलाई समावेश नगरिएकाले संस्थागत विद्यालयमा पनि प्रारम्भिक बालविकास पाठ्यक्रम अनुसारको विषयवस्तुलाई समेटी विषयक्षेत्रमा एकरूपता ल्याउनु पर्दछ ।

- संस्थागत विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीलाई छुट्टै मन्टेश्वरी कोठाको नाममा सजावट गरी राखिएकाले विद्यार्थीहरूको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी नहुने हुनाले उक्त शैक्षिक सामग्रीहरूलाई कक्षा कोठाभित्र उचित किसिमले व्यवस्थापन गरी बालबालिकाहरूलाई स्वतन्त्र किसिमले प्रयोग गर्न दिनु पर्दछ ।
- दिग्दर्शनले निर्दिष्ट गरेका शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक क्रियाकलाप दुवै विद्यालयले गराए पनि व्यवस्थित रूपमा गराउनु पर्ने देखिन्छ ।
- संस्थागत विद्यालयमा बालबालिकाहरूको मानसिक र संवेगात्मक विकास गराइने क्रियाकलापहरू सामुदायिक विद्यालयको तुलनामा कम भएकाले संस्थागत विद्यालयले यस सम्बन्धी क्रियाकलापहरू बढाउनु पर्दछ ।
- संस्थागत विद्यालयले सामाजिक विकास गराउनु पर्ने क्रियाकलाप बढी गर्नुपर्ने देखिन्छ ।
- दिग्दर्शनले निर्धारण गरेको मूल्याङ्कन प्रविधिलाई सामुदायिक विद्यालयले अपनाएको जसरी नै संस्थागत विद्यालयले पनि निरन्तर मूल्याङ्कनलाई जोड दिनु पर्ने साथै दुवै विद्यालयहरूमा बालबालिकाको  स्तर नछुट्याई कक्षा चढाउनु पर्ने देखिन्छ ।
- सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको कक्षा कोठाको आकार सानो क्रसभेन्टिलेसन नभएको तथा प्रकाश धेरै नपर्ने भएकाले संस्थागत विद्यालयको कक्षाकोठाको आकार ठूलो, हावादार तथा प्रकाश पर्याप्त आउने खालको हुनुपर्दछ ।
- दुवै विद्यालयमा आवश्यकता अनुरूप फर्निचरको व्यवस्था भए तापनि संस्थागत विद्यालयमा राम्रो व्यवस्था नभएकाले पूर्व प्राथमिक तहको बालबालिकालाई उपयुक्त हुने खालको फर्निचरको व्यवस्थापन गर्नु पर्ने  देखिन्छ ।
- दुवै विद्यालयमा शैक्षिक कार्यक्रम सफल बनाउन समन्वय समझदारी एवम् निरीक्षण र अनुगमनमा वृद्धि गर्नु पर्ने देखिन्छ ।
- सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकको पारिश्रमिक सेवा सुविधामा वृद्धि गर्नु पर्ने र संस्थागत विद्यालयले शिक्षकलाई पूर्णकालीन तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- सामुदायिक विद्यालयमा पर्याप्त मात्रामा खेल सामग्री तथा पूर्व प्राथमिक तहका लागि छुट्टै खेल मैदानको व्यवस्था नभएकाले बालबालिकाहरूलाई स्वतन्त्र रूपमा खेल्न कठिनाई भएको हुँदा सामुदायिक विद्यालयले पर्याप्त मात्रामा खेल सामग्री तथा पूर्व प्राथमिक तहका लागि छुट्टै खेल मैदानको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- संस्थागत विद्यालयको खेल मैदान सानो भएकाले बालबालिकालाई स्वतन्त्रतापूर्वक खेल्न समस्या रहेको हुँदा खेल मैदान ठूलो र पर्याप्त खेल सामग्रीको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

# सन्दर्भसूची

Aryal, Prem Narayan (2002). **A study of early childhood education programes in Nepal**, Faculty of education, Banaras Hindu University, banaras 22- 010.

Save the children (2001). Annual report 2001, Norvay.

आचार्य, विस्ना (२०६७), ***संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास कक्षामा शिक्षण सिकाइ क्रियाकलाप : तुलनात्मक अध्ययन,*** शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), ***उच्च स्तरीय राष्ट्रिय आयोगको प्रतिवेदन,*** केशरमहल, काठमाडौँ, नेपाल ।

गन्तव्य (२०६६), ***अनुसन्धानात्मक पत्रिका, शिक्षा आयोग प्रतिवेदन विशेषाङ्क,*** वर्ष ३, अङ्क १ नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन केन्द्रीय समिति वल्खु, काठमाडौँ ।

नेपाल सरकार (२०६७), ***आर्थिक सर्वेक्षण,*** आर्थिक वर्ष (२०६६/०६७) नेपाल सरकार अर्थ मन्त्रालय ।

महतरा, टेकेन्द्र (२०६५), ***पूर्व बाल्यावस्था विकास पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान सीपको अवस्था,*** शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

राष्ट्रिय शिक्षा योजना आयोग (२०४९) (**आठौँ पञ्चवर्षीय योजना**), नेपाल सरकार २०४९-२०५४ ।

राष्ट्रिय योजना आयोग, **नवौँ पञ्चवर्षीय योजना**, नेपाल सरकार, २०५४-२०५९ ।

राष्ट्रिय योजना आयोग, **दशौँ पञ्चवर्षीय योजना** , नेपाल सरकार, २०५९-२०६४ ।

रिजाल, जनार्दन (२०६७), ***पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण,*** कीर्तिपुर : पाठ्यक्रम तथा विद्यार्थी समाज ।

शिक्षा मन्त्रालय (२०४९), **राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन**, २०४९ : नेपाल सरकार

शिक्षा मन्त्रालय (२०६२), **प्रारम्भिक बालविकास दिग्दर्शन** (पाठ्यक्रम) २०६२, नेपाल सरकार

शिक्षा विभाग (२०६१), ***नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी रणनीतिक पात्र,*** नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

सेरिड, (२००१), ***आधारभूत पूर्व प्राथमिक शिक्षक तालिम प्याकेज,*** काठमाडौँ, सेरिड

सेरिड, (२०५०), ***समुदायमूलक पूर्व प्राथमिक शिक्षा कार्यक्रम,*** काठमाडौँ, सेरिड ।

## अनुसुची १

## प्रधानाध्यापकसँगको अन्तरवार्ताका लागि तयार गरिएका प्रश्नहरू

प्रधानाध्यापक नाम :

विद्यालयको नामः मितिः

१. विद्यालयमा प्रारम्भिक बालविकास केन्द्रका पाठ्यक्रम के छ ?

२. तपाईसँग नेपाल सरकारले निर्धारण गरेको प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम उपलब्ध छ ?

३. तपाईले यस तहको शैक्षिक उद्धेश्य के राख्नु भएको छ ?

४. दिग्दर्शनले तोकेका उद्देश्यको कार्यान्वयन स्थिति कस्तो छ ?

५. यस तहमा शिक्षण गराउने विषयवस्तु के के राख्नु भएको छ ? प्रारम्भिक बाल विकास दिग्दर्शनले निर्धारण गरे वमोजिम कार्यान्वयन भएको छ ?

६. कस्ता कस्ता शैक्षिक सामग्रीको व्यवस्था गर्नु भएको छ ? के ती पर्याप्त छन् ?

७. शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागिता कस्तो छ ?

८. बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक विकास गराउने कस्ता क्रियाकलाप गराउनु हुन्छ ?

९. दिग्दर्शनले तोकेका कियाकलाप सबै कार्यान्वयन भएका छन् ?

१०. यस तहमा अध्यापन गराउने शिक्षकलाई तालिम उपलब्ध गराउनु भएको छ ?

११. प्रारम्भिक वालविकास कक्षाको अनुगमन, निरीक्षण गर्नु भएको छ/छैन ?

१२. बालबालिकाको मूल्याङ्कन गर्ने प्रविधि कस्तो अपनाउनु भएको छ ?

१३. पाठ्यक्रम कार्यान्वन गर्दा आइपरेका समस्याहरू के के छन् ?

१४. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा अपनाइएका सुधारका उपायहरू के के हुन् ?

## अनुसूची- २

## शिक्षकसँग गरिने प्रश्नावलीहरू

विद्यालयको नामः मितिः

शिक्षकको नामः शिक्षा (तह):

तालिम :-

१. पूर्व प्राथमिक तहको शैक्षिक उद्देश्य के के राख्नु भएको छ ?

२. यस तहमा के कस्ता विषयहरू समावेश गर्नु भएको छ ? के ती विषयवस्तु दिग्दर्शनले निर्धारण गरे वमोजिम छन् ?

३. यस तहका लागि यहाँ उपलब्ध शैक्षिक सामग्री पर्याप्त छ, छैन ?

४. शैक्षिक सामग्री नहुँदा र प्रयोग गर्दा के के समस्या भोग्नु भएको छ ?

५. सबै बालबालिकालाई शिक्षण सिकाइ क्रियाकलापमा कसरी सहभागी गराउनु हुन्छ ?

६. शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, विकास गर्न के के क्रियाकलाप गराउनु भएको छ ? ती क्रियाकलाप दिग्दर्शनले निर्देशन गरे अनुरूप छन् ?

७. यहाँ उपलब्ध भौतिक व्यवस्थापन पठनपाठन गराउन पर्याप्त छ ?

८. तपाईको विचारमा अभिभावक र शिक्षक (शिक्षक) प्रधानाध्यापकबीच अन्तर्क्रिया हुनुपर्छ ?

९. तपाई आफ्नो सेवा र पारिश्रमिक प्रति सन्तुष्ट हुनुहुन्छ ? हुनुहुन्न भने के चाहनु हुन्छ ?

१०. यस तहको मूल्याङ्कन प्रविधि कस्तो छ ?

११. मूल्याङ्कनका लागि के कस्ता साधनको प्रयोग गर्नु हुन्छ ?

१२. विद्यार्थीलाई दण्ड र पुरस्कार दिनु हुन्छ ?

१३. पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्याहरू के के हुन् ?

१४. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा अपनाइएका सुधारका उपायहरू के के हुन् ?

## अनुसूची- ३

## अभिभावकसँग गरिने अन्तवार्ताका लागि तयार पारिएका प्रश्नहरू

नाम : मितिः

१. तपाई आफ्नो सन्तानको पढाई प्रति सन्तुष्ट हुनुहुन्छ ? हुनु हुन्न भने के चाहनु हुन्छ ?

२. आफ्ना सन्तानको कियाकलापमा सकारात्मक परिवर्तन पाउनु भएको छ ?

३. तपाईहरूलाई (अभिभावकहरूलाई) यस विद्यालयले अन्तर्क्रियामा समावेश गराउँछ ?

४. बालबालिकाको पठनपाठन गराउन राखिएका विषयवस्तु उनीहरूको विकास गराउन पर्याप्त छन् ?

५. बालबालिकालाई विद्यालयमा गराएका कियाकलाप गराउछन् प्रति सन्तुष्ट हुनुहुन्छ ?

६. बालबालिकाको क्षमता मापन गर्न मूल्याङ्कन प्रविधि कस्तो छ ?

७. प्रभावकारी पाठ्यक्रम कार्यान्वयनमा तपाईले के कस्ता योगदान दिनु भएको छ ?

## अनुसूची- ४
## प्रारम्भिक बालविकास विद्यालयको भौतिक तथा शैक्षिक सामग्रीको व्यवस्थापन सम्बन्धी अवलोकन फारम

**विद्यालयको नाम :**

| शैक्षिक र भौतिक सामग्री | पर्याप्त | उपयुक्तता | छैन | कैफियत |
|---|---|---|---|---|
| १) कक्षाकोठा<br>- मेच<br>- टेबल<br>- डेक्स<br>- कार्पेट<br>- चकटी<br>- कालो पाटि/सेतोपाटि | | | | |
| २) पुस्तकालय :<br>- बालपुस्तिकाहरू<br>- शिक्षक निर्देशिका<br>- प्रारम्भिक बालविकास पाठ्यक्रम | | | | |
| ३) शैक्षिक तथा टेवल सामाग्री<br>- फलफुल, जनावरको चित्र<br>- समूह मेलमिलापका चित्र<br>- सवारी साधनका चित्र<br>- वर्ण, अल्फाबेट<br>- अक्षरपत्ति /शब्द पत्ति<br>- घटना/कथा चित्र<br>- काठका ब्लक<br>- गुडिया<br>- रङ्गीन कागज<br>- कैंची<br>- गम<br>ब्रस<br>- सियो धागो<br>- घण्टी<br>- रेडियो<br>- घडी<br>- सिठी<br>- मादल<br>- बल<br>- डोरी<br>- पिङ्ग<br>- चिप्लेटी<br>- चाकलचुली<br>- अन्य | | | | |
| ४. अन्य व्यवस्था<br>- खेलमैदान<br>- बगैंचा<br>- शौचालयको व्यवस्था<br>- पानीको व्यवस्था<br>- प्राथमिक उपचार | | | | |

## अनुसूची- ५

सामुदायिक विद्यालयको प्रारम्भिक तहको समय तालिका र विषयक्षेत्र

| समय तालिका | विषयक्षेत्र |
|---|---|
| १०:०० - १०:१५ | राष्ट्रिय गान, सामान्य कसरत गर्न लगाउने |
| १०:१५ - ११:०० | बालबालिकालाई गीत गाउन, नाच्न, आराम गर्न लगाउने |
| ११:०० - ११:१५ | पहिलो शौचालय |
| ११:१५ - १२:४५ | गणित र नेपाली विषयको भाषिक सीपको ज्ञान दिने |
| १२:४५ - १:३० | दोस्रो शौचालय, खाजा खाने र आराम गर्ने |
| १:३० - २:१५ | अङ्ग्रेजी विषयको भाषिक सीप दिने |
| २:१५ - ३:०० | विभिन्न खेल खेलाउने (पजल काठका ब्लक चिप्लेटी) र चित्रहरू बनाउने । |

## अनुसूची- ६

संस्थागत विद्यालयको प्रारम्भिक तहको समय तालिका र विषयक्षेत्र

| समय तालिका | विषयक्षेत्र |
|---|---|
| ०९:४५ - १०:०० | प्रार्थना |
| १०:०० - १२:३० | अङ्ग्रेजी, गणित, विज्ञान, नेपाली सामाजिक जस्ता विषयको भाषिक सीप दिने |
| १२:३० - १२:४५ | पहिलो शौचालय |
| १२:४५ - १:३० | खाजा खाने |
| १:३० - २:४५ | खेल्ने, चित्र बनाउने गीत गाउने, नाच्ने |
| २:४५ - ३:०० | दोस्रो शौचालय |

## अनुसूची- ७

## सामाजिक पक्षको विकासको लागि प्रारम्भिक बाल विकास तहमा गरिने क्रियाकलाप तथा प्रयोग सामग्री र विधि

| सि.नं. | क्रियाकलापहरू | प्रयोग गरेको सामग्री | प्रयोग हुने गरेको विधि |
|---|---|---|---|
| १ | लाइनमा सामूहिक प्रार्थना गर्न गराउन | | |
| २ | नङ काट्न, कपाल कोर्न तथा हातमुख धुन अभ्यास गराउने | | |
| ३ | आफ्नो र घर परिवारको सदस्यहरूको नाम भन्न लगाउने | | |
| ४ | आफ्नो साथीको नाम भन्न लगाउने | | |
| ५ | आफ्नो वरपरको वातावरणमा भएको विभिन्न वस्तुहरू चिनाउने | | |
| ६ | शौचालय तथा पानीको धारा प्रयोग गर्दा पालो पर्खन अभ्यास गराउने | | |
| ७ | खाने कुरा खाँदा सफा सुग्घरसँग मिलेर खान अभ्यास गराउने | | |
| ८ | आपसी मेलमिलाप सम्बन्धी कथा नाटक सुनाउने, प्रस्तुत गर्न लगाउने | | |
| ९ | समूहमा मिलेर छलफल तथा कुराकानी गर्न अभ्यास गराउने | | |
| १० | सामूहिक रूपमा गीत गाउन तथा कविता भन्न अभ्यास गराउने | | |
| ११ | अभिवादन तथा माया गर्न अभ्यास गराउने | | |
| १२ | शरीरका विभिन्न अङ्गको पहिचान अभ्यास | | |

## अनुसूची- ८

## बौद्धिक/मानसिक पक्षको विकासको लागि प्रारम्भिक बाल विकास तहमा गरिने क्रियाकलाप तथा प्रयोग हुने सामग्री र विधि

| क.सं. | क्रियाकलापहरू | प्रयोग हुने गरेको सामग्री | प्रयोग हुने गरेको विधि |
|---|---|---|---|
| १ | वस्तु देखाएर विभिन्न रङ्ग, आकार, साइज सम्बन्धी अभ्यास | | |
| २ | बालबालिकाले खाने गरेको चिजको स्वाद भनी दिने तथा नयाँ चखाएर स्वाद सम्बन्धी अभ्यास | | |
| ३ | विभिन्न आवाजहरू सुनाएर आवाज सम्बन्धी अभ्यास | | |
| ४ | वस्तुहरू छुन लगाएर स्पर्श चेतनाको अभ्यास | | |
| ५ | गन्ध पहिचानको अभ्यास | | |
| ६ | वर्ण, सङ्ख्या र चिनेर लेख्ने अभ्यास | | |
| ७ | गन्ती गर्ने अभ्यास | | |
| ८ | बौद्धिक विकास सम्बन्धी कथा, कविता, गीत, नाटक सुन्ने र भन्ने अभ्यास | | |
| ९ | घटनाक्रम पहिचान सम्बन्धी अभ्यास | | |
| १० | शरीरका विभिन्न अङ्गको पहिचानमा अभ्यास | | |

## अनुसूची- ९

## शारीरिक पक्षको विकासको लागि प्रारम्भिक बाल विकास तहमा गरिने क्रियाकलाप तथा प्रयोग हुने सामग्री र विधि

| क.सं. | क्रियाकलाप | प्रयोग हुने गरेका सामग्री | प्रयोग हुने गरेका विधि |
|---|---|---|---|
| १ | हिंड्ने, उफ्रने, कुद्ने | | |
| २ | बाङ्गोटिङ्गो रेखामा हिंड्ने तथा कुद्ने अभ्यास गराउने | | |
| ३ | एक खुट्टा टेकेर तथा हातखुट्टा टेकेर हिंड्ने अभ्यास गराउने | | |
| ४ | फाल्ने तथा समाउने अभ्यास | | |
| ५ | भाँच्ने अभ्यास | | |
| ६ | चित्र कोर्ने तथा रङ्ग भर्ने अभ्यास गराउने | | |
| ७ | कपडा तथा जुत्ता खोल्ने तथा लगाउने अभ्यास गराउने | | |
| ८ | मादलको तालमा शरीरको अङ्ग सञ्चालन गरेर नाच्ने | | |
| ९ | कागज पट्याउने, च्यात्ने अभ्यास | | |
| १० | चढ्ने, ओर्लने अभ्यास गराउने | | |
| ११ | उचाल्ने तथा राख्ने अभ्यास गराउने | | |
| १२ | गाँठो पार्ने तथा फुकाउने अभ्यास गराउने | | |
| १३ | खेलाउने तथा चलाउने अभ्यास गराउने | | |
| १४ | मिलाउने तथा निर्माण गर्ने अभ्यास गराउने | | |

## अनुसूची- १०

## संवेगात्मक पक्षको विकासको लागि प्रारम्भिक बाल विकास तहमा गरिने क्रियाकलाप तथा प्रयोग हुने सामग्री र विधि

| क्र.सं. | क्रियाकलापहरू | प्रयोग हुने गरेको सामग्री | प्रयोग हुने गरेको विधि |
|---|---|---|---|
| १ | संवेगात्मक भाव व्यक्त हुने कथा नाटक प्रस्तुत गर्ने | | |
| २ | सुख दुःख कुराकानी गर्ने, गराउने चित्र | | |
| ३ | चित्र तथा आकृतिप्रतिको प्रतिक्रिया | | |
| ४ | संवेगात्मक अभिव्यक्तिको नक्कल गर्ने, गराउने | | |
| ५ | माया स्नेह र प्रेम गर्ने अभ्यास गराउने | | |
| ६ | स्वतन्त्र क्रियाकलाप तथा भाव व्यक्त गराउने | | |
| ७ | समान व्यवहारको अभ्यास गराउने | | |
| ८ | प्रशंसा तथा पुरस्कार प्रदान गर्ने | | |
| ९ | आफूलाई लागेका कुरा व्यक्त गर्ने | | |
| १० | अडियो र भिजलबाट फिल्म तथा कार्टुन देखाउने | | |

## अनुसूची- ११

## छनौट परेका विद्यालय, प्र.अ को विवरण

| क.स | विद्यालयको नाम | ठेगाना | प्र.अ. को नाम |
|---|---|---|---|
| १ | तिलिङ्गटार उ.मा.वि | धापासी गा.वि.स ७ | सुरेश कुमार पाण्डे |
| २ | सप्तगण्डकी आ.मा.वि | धापासी गा.वि.स ५ | रवीन्द्र लामा |

## अनुसूची- १२

### तिलिङ्गटार उ.मा.वि.का छनोटमा परेका शिक्षकहरूको विवरण

| क.स | शिक्षकको नाम | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १ | दुर्गा न्यौपाने | एस.एल.सी | ६ वर्ष |
| २ | अनिता पन्थी | आइ.एड | २ वर्ष |

## अनुसूची- १३

### सप्तगडकी आ.मा.वि.का छनोटमा परेका शिक्षकहरूको विवरण

| क.स | शिक्षकको नाम | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १ | सीता कार्की | बी.ए. | ९ वर्ष |
| २ | शान्ता शाक्य | आइ.ए. | ४ वर्ष |

## अनुसूची- १४

### छनोटमा परेका अभिभावक र विद्यालयको नाम

| क.स | अभिभावकहरूको नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | अनिता सापकोटा | तिलिङ्गटार उ.मा.वि. |
| २ | हरि पाण्डे | तिलिङ्गटार उ.मा.वि. |
| ३ | कल्पना कार्की | तिलिङ्गटार उ.मा.वि. |
| ४ | नीता रिजाल | सप्तगण्डकी आ.मा.वि. |
| ५ | अम्बिका घिमिरे | सप्तगण्डकी आ.मा.वि. |
| ६ | माया तामाङ्ग | सप्तगण्डकी आ.मा.वि. |

**अनुसूची- १५**
**तिलिङ्गटार उ.मा.वि. प्रारम्भिक तहका विद्यार्थीहरूका नामावली (२०६७)**

| क्र.सं | विद्यार्थीको नाम |
|---|---|
| १ | अर्पित सापकोटा |
| २ | योगेश पाण्डे |
| ३ | रञ्जना कार्की |
| ४ | सविना लामा |
| ५ | रीता ठकूरी |
| ६ | माया लामा |
| ७ | अञ्जना काप्री |
| ८ | सुमित लामिछाने |
| ९ | सरोज लम्साल |
| १० | अमृता तिवारी |
| ११ | कविर थापा |
| १२ | राजिव श्रेष्ठ |
| १३ | दिनेश शाक्य |
| १४ | रिकेश शाक्य |
| १५ | सृजा चौलागाई |
| १६ | सौरवी बुढाथोकी |
| १७ | सुलभ बुढाथोकी |
| १८ | एन्जिला खनाल |
| १९ | अनुसा सापकोटा |
| २० | रोशन रायमाझी |
| २१ | करुणा तिवारी |
| २२ | प्रकाश देवकोटा |
| २३ | अमृत जोशी |
| २४ | शिव अमगाई |
| २५ | कविता महर्जन |
| २६ | बिन्दु महर्जन |
| २७ | राजु मास्के |
| २८ | कल्पना सुनुवार |
| २९ | निरु गौतम |
| ३० | विनिता पाण्डे |
| ३१ | अर्चना सुवेदी |

**अनुसूची- १६**

**सप्तगण्डकी आ.मा.वि. प्रारम्भिक तहका विद्यार्थीहरूका नामावली (२०६७)**

| क्र.सं | विद्यार्थीको नाम |
|---|---|
| १ | आयुका रिजाल |
| २ | आभा घिमिरे |
| ३ | धनेश तामाङ |
| ४ | राकेश रोक्का |
| ५ | कृष्ण पन्थी |
| ६ | कुमार लामा |
| ७ | अजय दाहाल |
| ८ | अञ्जना दाहाल |
| ९ | औरस सापकोटा |
| १० | ममता घिमिरे |
| ११ | सुरक्षा पनेरु |
| १२ | सौरव सापकोटा |
| १३ | विशाल शर्मा |
| १४ | रुक्सा श्रेष्ठ |
| १५ | सृजना श्रेष्ठ |
| १६ | सविना महर्जन |
| १७ | साफिला हुमागाई |
| १८ | पल्लवी कार्की |
| १९ | प्रसुन भट्टराई |
| २० | रिपिका दुलाल |
| २१ | आवास रानाभाट |
| २२ | प्रतिज्ञा श्रेष्ठ |